# राजश्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan-RIAP)

# अन्तिम प्रतिवेदन




# भीरकोट नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा, गण्डकी प्रदेश

२०७८

# विषय सूची


**परिच्छेद – एकः परिचय** १

१.१ **पृष्ठभूमि** १

१.२ **राजश्व सुधार योजनाको औचित्य** १

१.३ **कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू** २

१.४ **कार्ययोजना तर्जुमा विधि र प्रक्रिया** २

१.४.१ तयारी तथा समन्वय २

१.४.२ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ३

१.४.३ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास ३

१.४.४ अभिमुखीकरण कार्यशाला आयोजना तथा सञ्चालन ३

१.४.५ तथ्याङ्क/सूचना सङ्कलन तथा विश्लेषण ३

१.४.६ तथ्याङ्क विश्लेषण तथा मस्यौदा तयारी ४

१.४.७ मस्यौदा प्रस्तुती तथा छलफल ४

१.४.८ राजश्व सुधार कार्यायोजना अन्तिम दस्तावेज तयारी ४

१.५ **अध्ययनको सीमा** ४

**परिच्छेद – दुईः राजश्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था** ५

२.१ **नगरपालिकाको संक्षिप्त परिचय** ५

२.२ **प्राकृतिक सम्पदा तथा स्रोतको अवस्था** ७

२.३ **प्रमुख पूर्वाधार तथा सुविधाको अवस्था** ८

२.४ **आर्थिक अवस्था** ८

२.५ **सांस्कृतिक तथा पर्यटकीय उत्कृष्टता** ११

२.६ **नगरपालिकाको सम्पत्ति विवरण** ११

२.७ **संगठन तथा राजश्व प्रशासन** १४

**परिच्छेद - तीनः नगरपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता** १६

३.१ **स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था** १६

३.१.१ संवैधानिक व्यवस्था १६

३.१.२ कानुनी व्यवस्था १६

३.२ **आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना** २२

३.२.१ कर राजश्व २४

३.२.२ गैर कर राजश्व ३१

**परिच्छेद – चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** ३६

४.१ **राजश्व परिचालन संस्थागत तथा नीति विश्लेषण** ३६

४.२ **राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान** ३६

४.३ **आय सङ्कलनको संस्थागत क्षमता** ३७

४.३.१ राजश्व प्रशासन तथा परिचालनको अवस्था ३७

४.४ नगरपालिकाको आन्तरिक आय परिचालन ३९
४.४.१ आन्तरिक राजश्व संरचनाको अवस्था ४२
४.५ राजश्व परिचालनमा रहेका सवालहरू ४२
परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना ४४
५.१ राजश्व सुधारका क्षेत्रहरू ४४
५.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान ४४
५.३ राजश्व सुधार कार्ययोजना तर्जुमा ४५
५.४ बजेट अनुमान ४८
परिच्छेद - छः आगामी ३ वर्षको आय प्रक्षेपण ४९
६.१ राजश्व प्रक्षेपणका विधिहरू ४९
६.२ राजश्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आँकलन ४९
६.३ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ५०
६.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ५३
परिच्छेद - सातः अपेक्षित नतिजा ५६
७.१ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश ५६
७.२ आय प्रक्षेपणको तुलनात्मक विश्लेषण ५६
७.३ नतिजा तालिका ५७
परिच्छेद - आठः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ५९
८.१ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन ५९
८.२ श्रोत व्यवस्थापन ५९
८.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन ५९
अनुसूचीहरू ६२
अनुसूची १: सन्दर्भ सामग्रीहरू ६२
अनुसूची २: तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रयोग गरिएको सूची तथा फारम ६३

# तालिकाहरू


**तालिका नं. १:** नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण ५
**तालिका नं. २:** नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण ६
**तालिका नं. ३:** नगरपालिकाको जनसंख्या तथा घरधुरी सम्बन्धी विवरण ७
**तालिका नं. ४:** नगरपालिकामा रहेका वनको विवरण ८
**तालिका नं. ५:** कृषि बजार तथा कृषि सङ्कलन केन्द्र सम्बन्धी विवरण ८
**तालिका नं. ६:** व्यवसाय सम्बन्धी विवरण ९
**तालिका नं. ७:** बैंक तथा वित्तिय संस्थाहरू १०
**तालिका नं. ८:** भीरकोट नगरपालिकामा रहेका पर्यटकीय, धार्मिक तथा ऐतिहासिक स्थल सम्बन्धी विवरण ११
**तालिका नं. ९:** नगरपालिकाको स्वामित्वमा रहेका जग्गा तथा भवन सम्बन्धी विवरण ११
**तालिका नं. १०:** नगरपालिकामा रहेका निमाण तथा सवारी साधन सम्बन्धी विवरण १३
**तालिका नं. ११:** ल्याण्ड फिल्ड साइडको जग्गा सम्बन्धी विवरण १३
**तालिका नं. १२:** राजश्व परामर्श समितिको नामावली १५
**तालिका नं. १३:** प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा) १९
**तालिका नं. १४:** स्थानीय र प्रदेश तह बीचको राजश्व बाँफाँड २०
**तालिका नं. १५:** मूल्य अभिवृद्धि कर, अन्तशुल्कको बाँडफाँट २१
**तालिका नं. १६:** आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण २२
**तालिका नं. १७:** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण २४
**तालिका नं. १८:** मालपोत कर सम्बन्धी सम्भाव्यता विश्लेषण २५
***तालिका नं. १९:*** घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण २६
**तालिका नं. २०:** व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण २७
**तालिका नं. २१:** विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण ३०
**तालिका नं. २२:** साना सवारी कर सम्बन्धी सम्भाव्यता विश्लेषण ३१
**तालिका नं. २३:** वातावरणीय अध्ययन गरिएका उत्खनन स्थलहरू नदीजन्य पदार्थ बिक्री सम्भावना ३२
**तालिका नं. २४:** नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण ३३
**तालिका नं. २५:** व्यवसाय रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विश्लेषण ३४
**तालिका नं. २६:** सिफारिश तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण ३५
**तालिका नं. २७:** पूर्वाधार सेवा उपयोगमा लाग्ने कर सम्बन्धी विवरण ३५
**तालिका नं. २८:** नगरपालिकाको राजश्व शाखामा कार्यरत कर्मचारी सम्बन्धी विवरण ३७
**तालिका नं. २९:** विगतको ३ आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था ३९
**तालिका नं. ३०:** कूल राजश्वमा शीर्षकगत योगदान (रु. हजारमा) ४२
**तालिका नं. ३१:** राजश्व सुधार कार्ययोजना ४५
**तालिका नं. ३२:** आगामी आ.व.हरूका लागि राजश्व प्रक्षेपणका आधारहरू (रु. हजारमा) ५०
**तालिका नं. ३३:** आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) ५३
**तालिका नं. ३४:** आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण शारांश (रु. हजारमा) ५६

# परिच्छेद – एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्य संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था छ । तीन तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्न सक्ने स्पष्ट उल्लेख गरेको छ । नेपालको संविधानले अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको स्पष्ट व्यवस्था गरेको छ । जस अनुसार स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५५ देखि ६८ सम्म स्थानीय तहले प्रयेग गर्न पाउने आर्थिक अधिकार एवं यसका लागि कानूनी सिमा समेत निर्धारण गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले लगाउन पाउने कर, सङ्कलन गर्न सक्ने राजश्व, प्राप्त गर्ने अनुदान, राजश्व बांडफांड तथा आर्थिक सहयोग सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यी संबैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजश्व सङ्कलन, बजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुँदा यसलाई अझ व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुन आवश्यक पर्दछ ।

मुलुकको परिवर्तित संरचना बमोजिम जनताको सबैभन्दा नजिक रहेको स्थानीय सरकारको निर्वाचन पछि जनताका आकांक्षा र चाहनाहरूमा उल्लेख्य वृद्धि भएको छ । यस अवस्थामा नगरपालिकाहरूले आ-आफ्नो जिम्मेवारी पुरा गर्न र जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक छ । स्थानीय सरकारको विकास र प्रशासनिक खर्च धान्नका लागि र उनीहरूको राजश्व सामर्थ्य वृद्धि गर्न र स्थानीय तहहरूको आन्तरिक राजश्व परिचालन क्षमतामा वृद्धि गर्नु अपरिहार्य भएको छ । यसका लागि स्थानीय तहको राजश्व अधिकारका सम्भावनाहरूको खोजी गर्ने, संभाव्य क्षेत्रको राजश्व परिचालनका लागि अवलम्वन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकिय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि नगरपालिकामा राजश्व सुधार कार्ययोजनाको आवश्यकता पर्दछ ।

यसै सन्दर्भमा स्याङ्जा जिल्लाको भीरकोट नगरपालिकाले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत नगर प्रमुख सहित निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरू समेतको सक्रिय उपस्थिति र सहभागिता एवं सहयोगमा नगरपालिकाको आगामी तीन वर्षको लागि यो राजश्व सुधार कार्ययोजना, २०७८ तयार पारिएको हो ।

## १.२ राजश्व सुधार योजनाको औचित्य

नेपालको संविधान र विभिन्न संघीय कानूनहरूमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्था गरिएका छन् । नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू लगायत राजश्व सङ्कलनमा संलग्न रहने कर्मचारीहरू समेतका लागि नगरपालिकाको वित्तीय अधिकार सम्बन्धी संवैधानिक र कानुनी प्रावधानका बारेमा अझ बढी थप स्पष्ट पार्न, राजश्वका सम्भावित क्षेत्र पहिचान एवं क्षेत्र र दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने दिशामा राजश्व सुधार कार्ययोजना सम्बन्धी अवधारणा र महत्व बारेमा अभिमुखीकरण कार्यक्रम उपयोगी हुने विश्वास गरिएको छ । राजश्व सुधार कार्ययोजनाले यस नगरपालिकाको राजश्व क्षमताको पहिचान गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । साथै यस अध्ययनबाट तयार गरिएको राजश्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको लागि स्थानीय तहहरूलाई उपलब्ध गराउने विभिन्न प्रकारका अनुदान सम्बन्धी मापदण्ड र आधारहरू तयार गर्न सन्दर्भ सामग्रीको रुपमा उपयोगी हुने हुँदा यो कार्ययोजना औचित्यपूर्ण देखिएको छ ।

## १.३ कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू

### सोच

नगरपालिकाको आन्तरिक आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्ने

### लक्ष्य

नगरपालिकाको राजश्व सुधारका सम्भाव्य क्षेत्रहरूको पहिचान भई सुधारकालागि क्रियाकलापहरू तय भएको हुने ।

### उद्देश्यहरू

राजश्व सुधार कार्ययोजनाको सर्वोपरि उद्देश्य आन्तरिक आयमा वृद्धि गर्न योगदान पुऱ्याउनु हो । यसको तत्कालिन उद्देश्य नगरपालिकाको आन्तरिक राजश्वको परिचालनको विद्यमान अवस्थाको समीक्षा गर्ने र आन्तरिक स्रोतका सम्भावनाहरूको विश्लेषण गर्दै राजश्व परिचालनको सुझाव सहितको आगामी तीन आर्थिक वर्षको आन्तरिक आयको प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु रहेको छ । यो योजनाको विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- नगरपालिकाको आर्थिक अधिकार तथा राजश्व सुधार कार्ययोजना सम्बन्धमा नगरकार्यपालिकाका पदाधिकारीहरू, शाखा प्रमुखहरू, कर्मचारीहरू तथा राजश्व प्रशासनमा संलग्न कर्मचारीहरूलाई आन्तरिक आय तथा राजश्व सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरूको समीक्षा गर्ने
- नगरपालिकाको विगत तीन वर्षको शीर्षकगत रुपमा आन्तरिक आयको अवस्था र प्रवृत्तिको विश्लेषण एवं लेखाजोखा गरी राजश्वका वृद्धिका सम्भावनाहरूको पहिचान गर्ने
- नगरपालिकाको आन्तरिक आय वृद्धिका लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गरी आगामी तीन वर्षको शीर्षकगत रुपमा राजश्व अनुमान तथा प्रक्षेपण गर्ने ।
- राजश्व प्रशासनको नीतिगत, संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी राजश्व सुधार कार्ययोजना र प्रक्षेपण सहितको राजश्व सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- नगरपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव उपलब्ध गराउने ।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यको सन्दर्भमा विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन (अनुसूचीमा दिईएका), आवश्यक फाराम तथा चेकलिष्ट तयार, तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण, समावेशी र सहभागितमुलक छलफल, परिचयात्मक बैठक तथा अभिमुखीकरण एवं कार्यशाला गोष्ठीको आयोजना जस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो । योजना तर्जुमाको कार्य दिग्दर्शनले निर्दिष्ट गरेका निम्न बमोजिमका विधिहरूको अवलम्वन गरी कार्ययोजना तयार पारिएको छ ।

### १.४.१ तयारी तथा समन्वय

राजश्व सुधार कार्ययोजनाको प्रथम चरणमा नगरपालिकासँग समन्वय गरी कार्ययोजना तयारीकालागि छलफल गरियो । छलफलको क्रममा अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्ने मिति तथा समय तय गरी सुधार कार्ययोजना तर्जुमा सम्बन्धी प्रक्रियाको बारेमा छलफल गरियो ।

### १.४.२ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

कार्ययोजना तर्जुमा कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### १.४.३ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । नगरपालिकाको राजश्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क सङ्कलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### १.४.४ अभिमुखीकरण कार्यशाला आयोजना तथा सञ्चालन

राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ मा दिइएको विषयवस्तुको आधारमा यस नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, राजश्व परामर्श समितिका पदाधिकारीहरू, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरू, शाखा प्रमुखहरू, राजश्व सङ्कलनमा संलग्न कर्मचारीहरू तथा करदाताका प्रतिनिधिहरूलाई २०७८ फागुन १२ गते १ दिनको अभिमुखीकरण कार्यशाला सञ्चालन गरियो । अभिमुखीकरण कार्यशालाको सम्पूर्ण विवरण (प्रशिक्षक सहभागी र अन्य आवश्यक सूचनाहरू) प्रदेश तथा स्थानीय शासन कार्यक्रमको क्षमता विकास सूचना प्रणालीमा प्रविष्ट गरियो । अभिमुखीकरण कार्यक्रममा समावेश गरिने विषयवस्तुहरू तपशिलमा उल्लेख गरिए बमोजिम छन :

- राजश्व सुधार कार्ययोजनाको परिचय
- राजश्व सुधार कार्ययोजनाको उद्देश्यहरू
- राजश्व सम्बन्धी कानूनी व्यवस्था
- स्थानीय तहले राजश्व परिचालनका सवालहरू र अनुभव ।
- राजश्व सङ्कलनमा भोगेका समस्या तथा समाधानका उपायहरूको पहिचान तथा नयाँ क्षेत्रहरूको पहिचान
- राजश्व सुधार कार्ययोजनाको औचित्व
- स्थानीय तहको एकल तथा संयुक्त राजश्व अधिकार,
- राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया
- आर्थिक ऐनको आवश्यकता

### १.४.५ तथ्याङ्क/सूचना सङ्कलन तथा विश्लेषण

अभिमुखीकरण पश्चात नगरपालिकाको लेखाशाखा, राजश्व शाखा, जिन्सी शाखा, प्रशासन शाखा, योजना शाखा, सूचना प्रविधि शाखाबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरियो । ती शाखाहरूबाट सङ्कलन गरिएका सूचनाको विश्लेषण गरी नपुग तथ्याङ्कको पहिचान गरी राजश्वसँग सम्बन्धित कर्मचारीसँग फोन सम्पर्क तथा नगरपालिकाको वेवसाईट, आर्थिक ऐन, आर्थिक विवरण र अन्य दस्तावेज र श्रोतबाट थप तथ्याङ्क सङ्कलन गरियो । यस प्रक्रियामा देहायमा उल्लेखित क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू सङ्कलन गरिएको थियो :

- वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका
- चालु आ.व.का नीति तथा कार्यक्रमहरू
- चालु आर्थिक वर्षको अनुमानीत आय विवरण तथा आर्थिक ऐन,
- विगत आर्थिक वर्षहरूको यथार्थ आय विवरण,
- स्थानीय तहको राजश्व सबन्धी कानूनहरू

- प्रारम्भिक वातावरणीय प्रतिवेदन
- ठेक्का लागेका संझौता प्रतिवेदनहरू
- राजश्व परिचालनको नीतिगत, कानूनी र प्रशासनिक व्यवस्था सम्बन्धी विवरण,
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- कर तथा गैर कर क्षेत्रहरूको शीर्षकगत दायरा, दर तथा कूल सङ्कलनको सम्भावना,
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.६ तथ्याङ्क विश्लेषण तथा मस्यौदा तयारी

माथि उल्लेखित अभिमुखीकरण कार्यशालाबाट प्राप्त भएको सूचना तथा तथ्याङ्कको विश्लेषणको आधारमा सरोकारवालासँग थप छलफल गरी राजश्व सुधार कार्ययोजना मस्यौदा प्रतिवेदन तयार पारियो । मस्यौदा प्रतिवेदनलाई सरोकारवाला सबै पक्ष समक्ष प्रस्तुत गरी प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समावेश गरी राजश्व सुधार कार्ययोजनाको दिग्दर्शनमा दिइएको ढाँचा अनुसार राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार पारी कार्यपालिकाबाट अनुमोदन गराउन सहजीकरण गरिनेछ ।

### १.४.७ मस्यौदा प्रस्तुती तथा छलफल

यसरी तयार गरिएको राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनलाई नगरपालिकाका सम्बन्धित पक्षहरूबाट आवश्यक सुझावहरू तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो । नगरपालिका मार्फत गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा पृष्ठपोषणकालागि पेश गरियो ।

### १.४.८ राजश्व सुधार कार्यायोजना अन्तिम दस्तावेज तयारी

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा नगरपालिकाका पदाधिकारीहरू, राजश्व परामर्श समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजश्वसँग सम्बन्धित कर्मचारी आदिबाट प्राप्त सुझावहरू समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो ।

## १.५ अध्ययनको सीमा

भीरकोट नगरपालिकाको राजश्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ :

- नगरपालिकाको प्रमुख आयश्रोतको रुपमा रहेको सम्पत्ति कर अनुमानका लागि साविक मालपोत कार्यालयमा रहेको नगर क्षेत्रभित्रको घर जग्गाको लगत नगरपालिकामा उपलव्ध नभएको कारण सम्पत्ति कर यति नै प्राप्त हुन सक्छ भन्ने ठोस आधारको अभावले सहभागीहरूले दिएको सूचना र अनुमानमा निर्भर रही सोही आधारमा तयार गरिएको छ ।
- यस अध्ययन नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, नगरपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवाला पक्षहरूसँग गरिएको छलफल र कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।
- राजश्व प्रक्षेपण गर्ने क्रममा कतिपय स्रोतहरूका करदाताको संख्या सम्बन्धी आधिकारिक आधार तथ्याङ्क प्राप्त हुन नसकेकोले सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ ।
- नगरपालिकाको बस्तुगत विवरण तयार भई नसकेको र सहभागीहरूमा सम्पूर्ण नगरस्तरीय तथ्याङ्क सम्बन्धी जानकारी हुन नसक्नुले पनि अध्ययनलाई सीमावद्ध गराएको छ ।

# परिच्छेद – दुईः राजश्व परिचालन सम्बन्धी नगरपालिकाको विद्यमान अवस्था

नगरपालिकाको राजश्व परिचालनसँग सम्बन्धित आन्तरिक तथा वाह्य पक्षहरूलाई यस परिच्छेद अन्तर्गत विश्लेषण गरिएको छ । विशेषतः नगरपालिकाको परिचय, आन्तरिक आय परिचालनको विद्यमान अवस्था र हालका मुख्य सवालहरूलाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

### क) राजनीतिक तथा प्रशासनिक अवस्थिति

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ फाल्गुण २७ गते स्थानीय तह लागु गर्ने निर्णयअनुसार साविकका दहथुम, बानेथोक, खिलुङ, ढापुक गा.वि.स. हरूका सबै वडाहरू र छाङ्गछाङ्गदीका २, ३, ७, ८, ९, स्वरेकका १, ५, ६, ७, ९ र कालिकाकोटका ३, ४, ५, ६, ७, ८ वडाहरूलाई समेटेर वि.सं.२०७३ सालमा भीरकोट नगरपालिका घोषणा भएको हो । भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८३ डिग्री २७ मिनेटदेखि ८४ डिग्री ४६ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ५२ मिनेटदेखि २८ डिग्री १३ मिनेट उत्तरी अक्षांससम्म फैलिएको छ । यो नगरपालिकाको जम्मा क्षेत्रफल ७८.२३ वर्ग कि.मी. रहेको छ । समुद्र सतहबाट न्युनतम करीव ६५० मिटरदेखि अधिकतम १७५० मिटरसम्मको उचाईमा रहेको भीरकोट नगरपालिकाको मौसम समग्र रुपमा हेर्दा समशितोष्ण खालको रहेको छ । यस नगरपालिकामा तापक्रम न्यूनतम ५ डिग्री से. अधिकतम ३५ डिग्री से. र वर्षा २८८९ मि.मि. सम्म हुने गरेको देखिन्छ ।

**तालिका नं. १:** नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण

| क्रं सं | साविकका गा.वि.स. | साविकका वडाहरू | हाल कायम भएका वडाहरू |
|---|---|---|---|
| १ | दासिङ्ग दहथुम | १,२,३ र ५ | १ |
| २ | दासिङ्ग दहथुम | ४,६,७,८ र ५ | २ |
| ३ | बानेथोक देउराली | १ देखि ९ सम्म | ३ |
| ४ | छाङछाङदी | २,३,७,८ र ९ | ४ |
| ५ | स्वरेक | १,५,६,७ र ९ | ५ |
| ६ | खिलुङ्ग देउराली | ३,५,७ र ८ | ६ |
| ७ | खिलुङ्ग देउराली | १,२,४,६, र ९ | ७ |
| ८ | ढापुक सिमलभञ्ज्याङ्ग | १ देखि ९ सम्म | ८ |
| ९ | कालिकाकोट | ३,४,५,६,७ र ८ | ९ |

*स्रोत: भीरकोट नगरपालिका वस्तुगत विवरण २०७५*

### ख) भौगोलिक अवस्थिति

यसको सिमानामा पूर्वमा बिरुवा नगरपालिका र पुतली वजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा अर्जुन चौपारी नगरपालिका र पुतली बजार नगरपालिका र दक्षिणमा वालिङ नगरपालिका पर्दछन् । प्रशासनिक हिसाबले ९ वटा वडामा विभाजन गरिएको यस नगरपालिका गण्डकी प्रदेशको अन्तर्गत पर्ने स्याङ्जा जिल्लामा अवस्थित छ ।

## ग) ऐतिहासिक चिनारी र नामाकरण

भीरकोट नामाकरणका सम्बन्धमा धेरै मानिसहरूका धेरैथरीका विचार व्यक्त भएको पाइन्छ। यसमा दुई शब्द भीर र कोत मिलेर भीरकोतको अपभ्रशं भएर भीरकोट शब्द बनेको पाइन्छ। भीरको अर्थ भिरालो जमिन र कोतको अर्थ खर खजाना राख्ने ठाँउ भन्ने बुझिन्छ। यस क्षेत्रमा हालसम्म पनि प्रशस्त राँगा, पाठा काटिने र काट्ने समान सुरक्षित रुपमा राखिने प्रबन्ध भएकाले "भीरकोत" को अपभ्रंश भएर "भीरकोट" रहन गएको हो भन्ने भनाइ छ। अर्काथरीको विचारमा भीरकोट नामकरण भृगुकुट अर्थात भृगु ऋषिको बासस्थानबाट अपभ्रंश भएर बनेको हो भन्ने पनि पाइन्छ। यी क्षेत्रहरू भृगु ऋषिले वासस्थान गरेका क्षेत्रहरू हुन्। "भृगु" ऋषिको नाम र "कुट" को अर्थ "वासस्थान" हुने भएकाले यो भनाइ पनि युक्तिसँगत नै देखिन्छ। यो ऐतिहासिक स्थलका नामबाट यस नगरपालिकाको नामाकरण गरिएको हो।

बाइसे चौविसे राज्यकालमा प्रख्यात शाहवंशीय भीरकोटे राजाले चलाएको राज्यको नामबाट नामाकरण गरिएको यस नगरपालिका स्याङ्जा जिल्लाको करिब मध्य भागमा अवस्थित छ। ऐतिहासिक महत्व बोकेको पवित्र आँधिखोला यस नगरपालिकाको बीच भागमा बगेका कारण सुन्दरता र शीतलता प्रदान गरेको छ भने सुन्दर पर्यटकिय सहर पोखरा र प्रसिद्ध धार्मिक स्थल लुम्बिनीलाई जोड्ने सिद्धार्थ राजमार्गले सोही आँधिखोलाको किनारै किनार हुँदै नगरवासीलाई सुगमता प्रदान गरेको छ।

## घ) क्षेत्रफल, भूबनौट तथा भूउपयोग

यस नगरपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ६१.१ प्रतिशत खेतीयोग्य जमिनले ओगटेको छ। वन जङ्गलले २४.६ प्रतिशतमा क्षेत्र रहेको छ। घाँसे मैदानले १०.५ प्रतिशत र झाडी बुट्यान २.९२ प्रतिशत रहेको छ। यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका नं. २:** नगरपालिकाको भूउपयोग सम्बन्धी विवरण

| क्र.सं. | जमिनको किसिम | क्षेत्रफल (वर्ग कि.मी.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ४७.८३ | ६१.१ |
| २ | वन क्षेत्र | १९.२८ | २४.६ |
| ३ | घाँसे क्षेत्र | ८.१९ | १०.५ |
| ४ | झाडी क्षेत्र | १.३८ | १.७६ |
| ५ | बगर तथा बलौटे क्षेत्र | १.०६ | १.३५ |
| ६ | अन्य | ०.४९ | ०.६३ |
| | **जम्मा** | ७८.२३ | १०० |

*स्रोत: भीरकोट नगरपालिका पार्श्वचित्र २०७५*

## ङ) जनसंख्या तथा घरपरिवार संख्या

राष्टिय जनगणना २०६८ का अनुसार भीरकोट नगरपालिकाको कुल जनसंख्या २५५८३ रहेको देखिन्छ। जसमध्ये पुरुषको संख्या १०९३४ र महिलाको संख्या १४५९९ रहेको देखिन्छ। २०७५ मा गरिएको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३३६९८ पुगेको छ जसमध्ये पुरुषको संख्या १५९१७ र महिलाको संख्या १७७८१ रहेको देखिन्छ। यस नगरपालिकामा पुरुष भन्दा १८६४ जना महिलाहरू बढि रहेका छन्। घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकामा लैङ्गिक अनुपात १११.७ रहेको छ भने औषत परिवार संख्या ५.६० रहेको छ र यस नगरपालिकाको जनघनत्व ७८.२३ वर्ग कि.मी. रहेको छ।

भीरकोट नगरपालिकाको सबैभन्दा बढी जनसंख्या वडा नं. ८ मा रहेको छ । यस वडामा महिला ३३३४ र पुरुष २५४६ गरी जम्मा ५८८० रहेको पाइन्छ । यसैगरी सबैभन्दा कम जनसंख्या वडा नं.४ मा रहेको छ जसमा पुरुष ८५० र महिला ८९८ गरी जम्मा १७४८ जनसंख्या रहेको पाइन्छ ।

वडागत रुपमा औषत परिवार संख्या सम्बन्धमा अध्ययन गर्दा कुल औषत परिवार संख्या ५.५७ रहेको छ । सबै वडाहरूको औषत परिवार संख्या हेर्दा भने वडा नं १ को सबैभन्दा कम ४.४९ औषत परिवार संख्या रहेको छ । वडागत रुपमा जनसंख्याको वितरणलाई तलको तालिकामा देखाइएको छ ।

राष्ट्रिय जनगणना प्रारम्भिक प्रतिवेदन २०७८ अनुसार घरसंख्या ५६४४, परिवार संख्या ६२२६ र जनसंख्या २२६१७ रहेको छ । जनगणना २०६८ सँग तुलना गर्दा यस नगरपालिकाको जनसंख्या १.२३ प्रतिशतले घट्दै गएको देखिन्छ ।

**तालिका नं. ३:** नगरपालिकाको जनसंख्या तथा घरधुरी सम्बन्धी विवरण

| वडा नं. | कुल जनसंख्या | महिला | पुरुष | घरधुरी संख्या | कुल जनसंख्या प्रतिशत | घरधुरी प्रतिशत | औषत परिवार संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४०७९ | २०७६ | २००३ | ९०९ | १२.१ | १५.१ | ४.४९ | १०३.६ |
| २ | ३७९१ | १९३९ | १८५२ | ६९७ | ११.२ | ११.६ | ५.४५ | १०४.७ |
| ३ | ४६२५ | २५२३ | २१०२ | ७२८ | १३.७ | १२.१ | ६.३५ | १२०.० |
| ४ | १७४८ | ८९८ | ८५० | ३२३ | ५.१९ | ५.३७ | ५.४१ | १०५.६ |
| ५ | ४५३३ | २३२८ | २२०५ | ८०३ | १३.५ | १३.४ | ५.६५ | १०५.६ |
| ६ | २९७७ | १५२६ | १४५१ | ५५७ | ८.८३ | ९.२६ | ५.३४ | १०५.२ |
| ७ | २८१३ | १४८७ | १३२६ | ५२४ | ८.३५ | ८.७१ | ५.३७ | ११२.१ |
| ८ | ५८८० | ३३३४ | २५४६ | ९०६ | १७.४ | १५.१ | ६.४९ | १३१.० |
| ९ | ३२५२ | १६७० | १५८२ | ५६८ | ९.६५ | ९.४५ | ५.७३ | १०५.६ |
| **जम्मा** | ३३६९८ | १७७८१ | १५९१७ | ६०१५ | १०० | १०० | ५.६० | १११.७ |

*स्रोत: भीरकोट नगरपालिका पार्श्वचित्र २०७५*

## २.२ प्राकृतिक सम्पदा तथा स्रोतको अवस्था

### क) नदीनाला र ताल, पोखरी

यस नगरपालिकामा मुख्य गरि आँधीखोला, लुब्धी खोला, गोदीखोला, खाँदीखोला, दरौखोला, सिङ्गखोला आदिहरूको बहाव रहेकोले यस क्षेत्रको खेती योग्य जमिनहरू कटानको समस्यामा रहेका छन् । अर्को तर्फ भीरकोट नगरपालिकामा बसोबास गर्ने अधिकांश मानिसहरूको मुख्य पेशा कृषि रहेको हुँनाले यी नै खोलाहरू सिंचाईको मुख्य स्रोतका रुपमा रहेका छन् ।

### ख) वन तथा जैविक विविधता

यस नगरपालिका विभिन्न ७ स्थानमा ५७ सामुदायिक वन रहेका छन । यस नगरपालिकामा वन क्षेत्रले १६१७ हेक्टरमा ओगटेको छ । भीरकोट नगरपालिका भित्र रहेका वनको पूर्ण विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४:** नगरपालिकामा रहेका वनको विवरण

| क्र.सं. | गा.वि.स./न.पा. | सामुदायिक वनको संख्या | जम्मा वन क्षेत्र हेक्टरमा |
|---|---|---|---|
| १ | बानेथोक देउराली | ६ | २९७ |
| २ | छाङ्गछाङ्गदी | ५ | १८४ |
| ३ | कालिकाकोट | ३ | ३३.६ |
| ४ | खिलुङ्ग देउराली | ९ | ३०६ |
| ५ | स्वरेक | १३ | १७६ |
| ६ | दार्सिङ् दहथुम | ९ | २९५ |
| ७ | ढापुकसिमल भञ्ज्याङ्ग | १२ | ३२५ |
| | जम्मा | ५७ | १६१७ |

*स्रोत : भीरकोट नगरपालिका वस्तुस्थिति विवरण, २०७५*

### ङ) ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, माटो

यस नगरपालिकाको क्षेत्र भएर बग्ने आँधी खोलाबाट प्रशस्त मात्रामा नदीजन्य पदार्थ सङ्कलन गरिँदै आएको छ । यस खोलाबाट उत्खनन गरी निकालिएको नदीजन्य पदार्थबाट नगरपालिका आफ्नै लगानीमा क्रशर उद्योग सञ्चालन गरी गिट्टी वालुवा बिक्री गर्दै आएको छ ।

## २.३ प्रमुख पूर्वाधार तथा सुविधाको अवस्था

### क) व्यापारिक केन्द्रहरूको विवरण

नगरपालिकाको विभिन्न १० ठाउँमा रहेका बजार केन्द्रहरूबाट कृषि लगायत अन्य बस्तुहरूको (तरकारी, आलु, फलफूल तथा दैनिक उपभोग्य अन्य बस्तुहरू) बजारीकरण हुने गरेको देखिन्छ । नगरपालिकामा रहेका प्रमुख बजारहरू सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ:

**तालिका नं. ५:** कृषि बजार तथा कृषि सङ्कलन केन्द्र सम्बन्धी विवरण

| क्र.सं. | व्यापारिक बजार केन्द | क्र.सं. | व्यापारिक बजार केन्द | किनबेच हुने मूख्य बस्तुहरू |
|---|---|---|---|---|
| १ | बयरघारी | ६ | सिरुखर्क | कृषिजन्य, दैनिक उपभोग्य बस्तु, लत्ताकपडा, औषधि, स्टेशनरी आदि |
| २ | सुन्दर बजार | ७ | मैदान | |
| ३ | छाङ्छाङ्दी | ८ | सिरकोट | |
| ४ | हेलु | ९ | बानथोक देउराली | |
| ५ | ढापुक फेदी | १० | मोहोनडाँडा | |

*स्रोत : भीरकोट नगरपालिका वस्तुस्थिति विवरण, २०७५*

## २.४ आर्थिक अवस्था

### क) व्यापार तथा व्यवसाय

यस नगरपालिका क्षेत्रमा सञ्चालन भएका व्यापार व्यवसायहरूको विवरण नगरपालिकाको पार्श्वचित्रमा उल्लेख भए बमोजिम तलको तालिकामा दिईएको छ ।

**तालिका नं. ६:** व्यवसाय सम्बन्धी विवरण

| क..सं. | व्यवसायको किसिम | संख्या | क..सं. | व्यवसायको किसिम | संख्या |
|---|---|---|---|---|---|
| १ | बिजुली पसल | ५ | ३५ | कर्मसियल सेन्टर | १ |
| २ | किराना पसल | ८० | ३६ | जुत्ता पसल | १ |
| ३ | कृषिजन्य उद्योग | १ | ३७ | खाद्य भण्डार | १ |
| ४ | प्रेस | १ | ३८ | रेष्टुरेन्ट | २७ |
| ५ | सहकारी | ११ | ३९ | ब्युटी पार्लर | ३ |
| ६ | मिल | १ | ४० | ग्रिल उद्योग | २ |
| ७ | फोटोग्राफर | १ | ४१ | दुध डेरी पसल | १ |
| ८ | हार्डवेयर पसल | ६ | ४२ | सैलुन | १ |
| ९ | होटल | ३ | ४३ | तरकारी पसल | १ |
| १० | फेन्सी पसल | २४ | ४४ | स्कयाप पसल | १ |
| ११ | मदिरा पसल | १ | ४५ | सुनचादी पसल | ४ |
| १२ | वर्कसप | १ | ४६ | मोवाईल एण्ड वाच | १ |
| १३ | मासु पसल | १२ | ४७ | ब्लक उद्योग | १ |
| १४ | गिफ्ट हाउस | १ | ४८ | मोवाईल र्ममत | १ |
| १५ | भाँडा पसल | ६ | ४९ | टेन्ट हाउस | १ |
| १६ | चिया पसल | ६ | ५० | मर्मत पसल | १ |
| १७ | कपडा पसल | ९ | ५१ | सपिङ्ग सेन्टर | १ |
| १८ | निर्माण सेवा | १ | ५२ | पार्टी प्यालेस | १ |
| १९ | जीम हाउस | १ | ५३ | फलफुल पसल | ३ |
| २० | ट्राभल एजेन्सी | १ | ५४ | मोटर पार्टस | १ |
| २१ | कृषि नर्सरी | १ | ५५ | पुजा सामाग्री पसल | १ |
| २२ | पेट्रोल पम्प | १ | ५६ | होम डेकोरेशन | १ |
| २३ | ड्राईभिङ्ग ईन्स्टिच्यूट | १ | ५७ | पर्यटन विकास | २ |
| २४ | होटल एण्ड लज | २ | ५८ | विकास बैंक | २ |
| २५ | स्टेशनरी पसल | ४ | ५९ | वर्कसप | ३ |
| २६ | विद्यालय | १ | ६० | इन्टरप्राइजेज | १ |
| २७ | फर्निचर | २ | ६१ | स्वास्थ्य सेवा संस्था | १ |
| २८ | औषधी पसल | ३ | ६२ | आल्मोनियम एण्ड स्टिल उद्योग | १ |
| २९ | ब्लक उद्योग | १ | ६३ | प्राइभेट लिमिटेड | १ |
| ३० | हार्डवेयर पसल | ६ | ६४ | कम्प्युटर मर्मत केन्द पसल | १ |
| ३१ | प्लाष्टिक पसल | १ | ६५ | डेन्टल पसल | १ |

| क..सं. | व्यवसायको किसिम | संख्या | क..सं. | व्यवसायको किसिम | संख्या |
|---|---|---|---|---|---|
| ३२ | टेलर्स | १६ | ६६ | पञ्चकन्या पोल्ट्री पशु तथा तरकारी फर्म | १ |
| ३३ | भेटनरी | २ | ६७ | विकास बैंक | २ |

*स्रोत : भीरकोट नगरपालिका पार्श्वचित्र  विवरण, २०७५*

## ख) बैंक तथा वित्तीय संस्था

भीरकोट नगरपालिकामा १ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक, २ वटा लघुवित्त, २६ वटा सहकारी र १ वटा फाइनान्स कम्पनी रहेका छन । यी संस्थाहरूको सम्पूर्ण विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ७:** बैंक तथा वित्तिय संस्थाहरू

| क. सं. | संस्थाको नाम | वडा नं. | क.सं. | संस्थाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | गरीमा विकास बैंक | १ | १८ | सल्लाघारी वचत ऋण सहकारी संस्था लि. | ६ |
| २ | मुक्तिनाथ विकास बैंक | १ | १९ | कालिका बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ३ | पश्चिमाञ्चल ग्रामीण विकास बैंक | २ | २० | कालिका बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| ४ | नेपाल ग्रामिण विकास बैंक लि. | १ | २१ | ढापुक वहुद्देश्यीय सहकारी संस्था लिमिटेड | ८ |
| ५ | मेघा बैंक लि. | १ | २२ | राधाकृष्ण महिला जागृति वहुद्देश्यीय सहकारी संस्था लि | ८ |
| ६ | आँधिखोला बचत तथा ऋण सहकारी संस्था लि. | १ | २३ | त्रिलक्ष्मी सहकारी संस्था लि. | ६ |
| ७ | शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | १ | २४ | छायाँ क्षेत्र बचत तथा ऋण सहकारी संस्था लि. | ४ |
| ८ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | ३ | २५ | महिला जागरण बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ |
| ९ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | ६ | २६ | जनशक्ति कफि सहकारी संस्था लि. | ५ |
| १० | आँधीखोला लघुवित्त वित्तिय सहकारी संस्था लि. | १ | २७ | नव विहानी कृषि सहकारी संस्था लि. | ५ |
| ११ | सबल पशुपालन सहकारी संस्था लि. | २ | २८ | लुब्दिखोला कृषि सहकारी संस्था लि. | ६ |
| १२ | साना किसान सहकारी संस्था लि. | २ | २९ | उर्वर कषि सहकारी संस्था लिं | ३ |
| १३ | ग्रामिण कृषि सहकारी संस्था लि. | २ | ३० | लेकवेशी साना किसान सहकारी संस्था लि. | ९ |
| १४ | कृषि उपज बजार सहकारी संस्था लि. | ४ | ३१ | दहथुम वहुउद्देश्यीय सहकारी संस्था लि. | १ |
| १५ | नयाँ कृषि अभियान कृषि सहकारी संस्था लि. | १ | ३२ | मुक्तिनाथ विकास बैंक | २ |
| १६ | नव सिर्जना कृषि  सहकारी संस्था लि. | ५ | ३३ | स्वाभिमान माइक्रोफाइनान्स लि | २ |
| १७ | त्रिलक्ष्मी वचत ऋण सहकारी संस्था लि. | ६ | | | |

*स्रोत: भीरकोट नगरपालिका पार्श्वचित्र २०७५*

## २.५ सांस्कृतिक तथा पर्यटकीय उत्कृष्टता

### क) साँस्कृतिक तथा पर्यटकीय स्थल र सम्पदाहरू

यस नगरपालिकामा पर्यटकीय तथा धार्मिक महत्व बोकेका प्रशस्त ठाउँहरू रहेका छन । ती स्थानहरूमा भौतिक पूर्वाधारको विकास गरी पर्यटकीय स्थलहरूको रुपमा विकास गरी आय आर्जन गर्न सक्ने सम्भावना रहेका छन । त्यस्ता स्थानहरूको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ८:** भीरकोट नगरपालिकामा रहेका पर्यटकीय, धार्मिक तथा ऐतिहासिक स्थल सम्बन्धी विवरण

| क्र.सं. | पर्यटकीय स्थलहरूको नाम | स्थलको महत्व | क्र.सं. | पर्यटकीय स्थलहरूको नाम | स्थलको महत्व |
|---|---|---|---|---|---|
| १ | कुडार दरवार | ऐतिहासिक पुरातात्विक | १४ | नारायण गिरी वावा मन्दिर | धार्मिक क्षेत्र तथा पर्यटकीय क्षेत्र |
| २ | सारुथोक दरवार | धार्मिक, पर्यटकीय | १५ | रानीरह डाँडा | पर्यटकीय क्षेत्र |
| ३ | जगतपुर दरवार | पर्यटकीय, ऐतिहासिक | १६ | कालिका कोट क्षेत्र | पर्यटकीय क्षेत्र |
| ४ | भीरकोट दरवार | पुरातात्विक, पर्यटकीय ऐतिहासिक | १७ | देभुङ्कालिका मन्दिर | धार्मिक क्षेत्र |
| ५ | भीरकोट कालिका मन्दिर | धार्मिक | १८ | गडहरे गुफा | पर्यटकीय क्षेत्र |
| ६ | मुल्का बराहा मन्दिर | धार्मिक,पर्यटकीय | १९ | कोखे छहरा | पर्यटकीय क्षेत्र |
| ७ | छाङ्छाङ्दी छाँयाक्षेत्र मन्दिर | धार्मिक, ऐतिहासिक | २० | केघा देउराली | पर्यटकीय क्षेत्र |
| ८ | स्वरेक मैदान प्याराग्लाईडिङ्ग | पर्यटकीय | २१ | टामुलेक | पर्यटकीय क्षेत्र |
| ९ | स्वरेका कालिका मन्दिर राजेन्द्र भवानी | पर्यटकीय | २२ | ओकादी | पर्यटकीय क्षेत्र |
| १० | सुन्दरचौर वनस्पति सूचना केन्द्र | धार्मिक ऐतिहासिक | २३ | दुभुङ्ग कोट | पर्यटकीय क्षेत्र |
| ११ | खिलुङ्ग कालिका मन्दिर | धार्मिक पर्यटकीय क्षेत्र | २४ | जन्तिढुंङ्गा | पर्यटकीय क्षेत्र |
| १२ | रोजिखोला गुफा | पर्यटकीय क्षेत्र | २५ | बुसुम थुम्का | पर्यटकीय क्षेत्र |
| १३ | रानीपोखरी | पर्यटकीय क्षेत्र | | | |

*स्रोत: भीरकोट नगरपालिका पार्श्वचित्र २०७५*

## २.६ नगरपालिकाको सम्पत्ति विवरण

भीरकोट नगरपालिकाको चल/अचल सम्पत्ति विवरणलाई हेर्दा भीरकोट नगरपालिकाको स्वामित्वमा रहेको चल/अचल सम्पत्ति सम्बन्धी विवरणलाई देहाय वमोजिम तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९:** नगरपालिकाको स्वामित्वमा रहेका जग्गा तथा भवन सम्बन्धी विवरण

| क्र.सं. | विवरण | ठेगाना | | कित्ता नं | क्षेत्रफल | किसिम/वर्ग | प्राप्त स्रोत | प्राप्त मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक | हालको वडा | | रोपनी | | | |
| १ | नगरपालिका भवन | दांसिङ्ग दहथुम–३ | १ | २४६४ | ०–०–१–३ | खेत/सिम | दानपत्र | २०७४/०१/१२ |
| | | दांसिङ्ग दहथुम–३ | १ | २४६१ | १–०–०–० | खेत/सिम | दानपत्र | २०७४/०१/०७ |

| क्र.सं. | विवरण | ठेगाना | | कित्ता नं | क्षेत्रफल | किसिम/वर्ग | प्राप्त स्रोत | प्राप्त मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक | हालको वडा | | रोपनी | | | |
| | | दांसिङ्ग दहथुम–३ | १ | २५५७ | १–६–२–१ | खेत/सिम | दानपत्र | २०७४/०१/०७ |
| | | दांसिङ्ग दहथुम–३ | १ | २४५९ | १–५–१–३ | खेत/सिम | दानपत्र | २०७४/०१/०५ |
| | | | | **कुल क्षेत्रफल** | ३–१२–१–३ | **१९७५.३४ वर्ग मी.** | | |
| २ | शिशौघारी खेल मैदान | दांसिङ्ग दहथुम–३ | १ | २४९९ | ०–१०–०–० | खेत/चाहार | दानपत्र | २०७४/०६/०४ |
| | | | | २५०१ | ०–२–२–० | खेत/चाहार | दानपत्र | २०७४/०६/०४ |
| | | | | २५०३ | ०–७–२–० | खेत/चाहार | दानपत्र | २०७४/०६/०४ |
| | | | | २५०५ | ०–१३–०–२ | खेत/चाहार | दानपत्र | २०७४/०६/०४ |
| | | | | **कुल क्षेत्रफल** | २–१–०–२ | **१०५३.२५ वर्ग मी.** | | |
| ३ | ध्रुव देउराली | दांसिङ्ग दहथुम–६ | २ | ५४३ | १–१३–०–० | बारी /सिम | राजीनामा | २०७३/०३/२१ |
| | | | | **कुल क्षेत्रफल** | १–१३–०–० | **९२२.०९ वर्ग मी.** | | |
| ४ | कृषि सेवा केन्द्र | दांसिङ्ग दहथुम–८ | २ | ६०० | १–२–३–० | बारी /सिम | खरिद | २०६२/१२/२५ |
| | | दांसिङ्ग दहथुम–८ | २ | ५९९ | ०–१०–२–१ | बारी /सिम | खरिद | २०६२/१२/२५ |
| | | दांसिङ्ग दहथुम–८ | २ | २७८ | २–१३–२–२ | बारी /सिम | खरिद | २०६२/१२/२५ |
| | | दांसिङ्ग दहथुम–८ | २ | ५९८ | १–४–०–२ | बारी /सिम | खरिद | २०६२/१२/२५ |
| | | दांसिङ्ग दहथुम–८ | २ | ६०१ | ०–१०–१–२ | बारी /सिम | खरिद | २०६२/१२/२५ |
| | | दांसिङ्ग दहथुम–८ | २ | १४८४ | ५–११–३–१ | बारी /सिम | खरिद | २०६२/१२/२५ |
| | | दांसिङ्ग दहथुम–८ | २ | १४८६ | १–१–२–२ | बारी/सिम | खरिद | २०६२/१२/२५ |
| | | | | **कुल क्षेत्रफल** | १३–६–३–२ | **............ वर्ग मि.** | | |
| ५ | ७ नं. वडा कार्यालय | खिलुङ्ग, देउराली–१ | ७ | ५८८ | ०–१५–१–० | बारी/सिम | दानपत्र | २०७५/०२/२९ |
| | | | | ५८९ | १–५–१–२ | बारी/सिम | दानपत्र | २०७५/०२/२९ |
| | | | | **कुल क्षेत्रफल** | २–४–२–२ | **११६४.५४ वर्ग मी.** | | |
| ६ | ८ नं. वडा कार्यालय (पञ्चायत भवन ) | ढापुक –४ | ८ | ३३२ | ०–१२–३–० | बारी/सिम | राजीनामा | २०४० साल |
| | | | | **कुल क्षेत्रफल** | ०–१२–३–० | **............. वर्ग मी.** | | |
| ७ | १ नं. वडा कार्यालय ( | दांसिङ्ग दहथुम–३ | १ | २११ | ०–१–१–० | बारी/दोयम | राजीनामा | २०६९/१२/२३ |

| क्र.सं. | विवरण | ठेगाना | | कित्ता नं | क्षेत्रफल | किसिम/वर्ग | प्राप्त स्रोत | प्राप्त मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक | हालको वडा | | रोपनी | | | |
| | दांसिङ्ग दहथुम गाविस भवन ) | | | १०२२ | ०-३-०-० | बारी/दोयम | राजीनामा | २०६९/१२/२३ |
| | | | | १०५५ | ०-२-२-१ | बारी/दोयम | राजीनामा | २०६९/१२/२३ |
| | | | **कुल क्षेत्रफल** | | ०-६-३-१ | **२१६.६२ वर्ग मी.** | | |
| ८ | सिटी हल | दांसिङ्ग दहथुम–३ | १ | ५९२ | २-१०-१-१ | खेत/चाहार | दानपत्र | २०७५/०१/२१ |
| | | | **कुल क्षेत्रफल** | | २-१०-१-१ | **१३४५.३८ वर्ग मी..** | | |

*स्रोत : भीरकोट नगरपालिका जिन्सी शाखा २०७८*

## ग) सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्रक्याक्टर आदि)

यो नगरपालिकामा रहेका सवारी साधन (जीप, ट्रिपर, एम्बुलेन्स, लोडर, मोटरसाईकल) सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. १०:** नगरपालिकामा रहेका निमाण तथा सवारी साधन सम्बन्धी विवरण

| क्र.सं. | विवरण | इकाई | प्रयोग |
|---|---|---|---|
| १ | जीप | २ | |
| २ | ट्रिपर | १ | |
| ३ | एम्बुलेन्स | १ | |
| ४ | लोडर | १ | |
| ५ | मोटरसाईकल | १४ | |
| ६ | अन्य मेशिन | १ | |

*स्रोत : भीरकोट नगरपालिका कार्यालय, जिन्सी शाखा २०७८*

## घ) फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापनकालागि भिरकोट नगरपालिका वडा नं ४ (साविक बराहा कालिका ७) मा ५ कित्ता गरी १०,०६७.४८ वर्ग मि.जमिन प्राप्त भएको छ । यस जग्गामा ल्याण्डफिल्ड साइड निर्माण गरी नगरपालिकामा उत्पन्न हुने फोहरको विसर्जन गर्ने स्थल बनाइने छ । फोहरमैला व्यवस्थापनकालागि प्राप्त भएको जग्गा सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. ११:** ल्याण्ड फिल्ड साइडको जग्गा सम्बन्धी विवरण

| विवरण | ठेगाना | | कित्ता नं. | रोपनी | किसिम वर्ग | प्राप्त स्रोत | प्राप्त मिति |
|---|---|---|---|---|---|---|---|
| | साविक गाविस | हाल | | | | | |
| **फोहर व्यवस्थापान** | वराहा कालिका-७ | ४ | १३७२ | ३–३–०–२ | खेत/चाहार | राजिनामा | २०७५/०१/२७ |
| | वराहा कालिका-७ | ४ | १३७३ | ४–१०–२–१ | खेत/चाहार | राजिनामा | २०७५/०१/२७ |
| | वराहा कालिका-७ | ४ | १३६५ | ५–१०–१–३ | खेत/चाहार | राजिनामा | २०७५/०१/२७ |

| विवरण | ठेगाना | | कित्ता नं. | रोपनी | किसिम वर्ग | प्राप्त स्रोत | प्राप्त मिति |
|---|---|---|---|---|---|---|---|
| | साविक गाविस | हाल | | | | | |
| | वराहा कालिका-७ | ४ | १३६६ | ४–३–२–० | खेत/चाहार | राजिनामा | २०७५/०१/२७ |
| | वराहा कालिका-७ | ४ | १३६७ | २–१–०–० | खेत/चाहार | राजिनामा | २०७५/०१/२७ |
| | | **कुल क्षेत्रफल** | | **१०–१२–२–२** | **१०,०६७.४८ वर्ग मि.** | | |

## २.७ संगठन तथा राजश्व प्रशासन

### क) राजश्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानून

यस नगरपालिकाले राजश्व परिचालनसँग सम्बन्धित ऐन, निर्देशिका, कार्यविधि निर्माण गरेको छ । राजश्वसँग सम्बन्धित ऐन, निर्देशिका तथा कार्यविधिहरू गरी १३ वटा निर्माण गरिएका छन ।

१) स्थानीय तहको आर्थिक ऐन (५ वर्षको)
२) स्थानीय तहको विनियोजन ऐन (५ वर्षको)
३) एकिकृत सम्पत्तिकर व्यवस्थापन निर्देशिका, २०७५
४) सहकारी ऐन २०७५
५) कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५
६) घर अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०७८
७) व्याक हो लोडर सञ्चालन सम्बन्धि कार्यविधि २०७४
८) फोहोरमैला व्यवस्थापन कार्यविधि
९) बसपार्क सञ्चालन सम्बन्धी कार्यविधि, २०७५
१०) फोहोरमैला व्यवस्थापन कार्यविधि
११) नगर प्रहरी सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५
१२) “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५
१३) सवारी साधन राख्ने ठाउँ व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५

### राजश्व परिचानकालागि आवश्यक देखिएका कार्यविधिहरू

- सम्पत्ति कर तथा मालपोत सङ्कलन कार्यविधि
- घर जग्गा बहाल कर कार्यविधि
- बहाल बिटौरी शुल्क सङ्कलन कार्यविधि
- कवाडि कर सङ्कलन कार्यविधि

### ख) संगठन संरचना (महाशाखा, शाखा, उपशाखा र इकाई)

यस नगरपालिकामा राजश्व शाखाको स्थापना गरिएको छ । यस अन्तर्गत अधिकृत स्तर छैटौंस्तरको १ जना, सहायक स्तर चौथो १ जना र कम्प्युटर अपरेटर १ जना गरी जम्मा ३ जना कार्यरत रहेको अवस्था छ । यस नगरको संगठन संरचना अद्यावधिक गरिएको छैन ।

### ग) राजश्व उपशाखामा मानव संशाधन/कर्मचारी विवरण

यस नगरपालिकाकाको राजश्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा निजी क्षेत्रको प्रतिनिधित्व गर्ने उद्योग तथा वाणिज्यसँग सम्बन्धित संस्थाहरूको प्रतिनिधिहरू समेत रहेको ७ सदस्यीय राजश्व परामर्श समितिको गठन भै कार्यरत रहेको छ ।

**तालिका नं. १२:** राजश्व परामर्श समितिको नामावली

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | सीता के.सी. कर्माचार्य | उप प्रमुख | संयोजक |
| २ | खुमलाल भुषाल | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | बिन्दु खड्का | कार्यपालिका सदस्य | सदस्य |
| ४ | कमल त्रिपाठी | कार्यपालिका सदस्य | सदस्य |
| ५ | टिकाराम सुवेदी | लेखा अधिकृत | सदस्य |
| ६ | | अध्यक्ष उ.वा.संघ भिरकोट नगरपालिका | सदस्य |
| ७ | | राजश्व शाखा प्रमुख | सचिव |
| ८ | छायाराम खनाल | प्रमुख | विशेष |

*स्रोत : भीरकोट नगरपालिका कार्यालय, २०७८*

# परिच्छेद - तीनः नगरपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजश्व अधिकार र सो अधिकारको कार्यान्वयन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शीर्षकगत विश्लेषण गरिएको छ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** मा स्थानीय सरकारको राजश्व अधिकार सम्बन्धीका प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।

### ३.१.१ संवैधानिक व्यवस्था

**नेपालको संविधान २०७२** को अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसै गरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजश्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छ :

- धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने
  - (१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन।
  - (२) स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ।
- धारा २३६ : अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने बस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन।

### ३.१.२ कानुनी व्यवस्था

संघीय कानुन **स्थानीय सरकार सञ्चालन ऐन २०७४** को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छ :

## (क) नगरपालिकाको एकल अधिकार

### अ) कर

- ***सम्पत्ति कर:*** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन) को दफा ५५ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ । यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरेको छ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्नेछ । घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्याङ्कनका आधारहरू देहाय बमोजिम हुनेछन :




  (क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

  (ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

  (ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

  (घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा

- ***भूमिकर (मालपोत):*** सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने **(दफा ५६)**
- ***घर जग्गा बहाल कर:*** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा **(दफा ५७ )**
- ***व्यवसाय कर:*** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा **(दफा ५८)**
- ***सवारी साधन कर:*** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा **(दफा ६४)**
- ***जडिबुटी, कवाडी र जीवजन्तु कर:*** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, मरेका वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत **(दफा ६१)**

### आ) शुल्क

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत **(दफा ५९ )**
- पार्किङ्ग शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत **(दफा ६०)**

### इ) सेवा शुल्क (दफा ६२)

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।

- आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क

## ई) बिक्री गर्न सक्ने (दफा ६२ क)

- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न पाउने
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि ।
- नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट सङ्कलित राजश्व मध्ये ६० प्रतिशत स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था
- मापदण्ड बमोजिम ऐनमा शंसोधन नभईसकेको अवस्था

## उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने (दफा ६२ ख)

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**नोटः** २०७६ आश्विन २७ गते प्रमाणीकरण गरिएको वन ऐन २०७६ ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ मा भएको प्रावधानलाई यसरी प्रभावित पारेको छ :

## ऊ) वन विकासको लागि खर्च गर्नुपर्ने (वन ऐन २०७६ दफा २२)

१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रति रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ ।

## ए) प्रचलित कानून बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - स्थानीय सहकारी संस्था
  - १०० वाट सम्मको एफएम रेडियो
  - घ वर्गको ठेक्का इजाजत
  - सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
  - प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम

- मातृ भाषामा शिक्षा दिने विद्यालय
- ट्युसन, कोचिङ्ग
- औषधि पसल
- परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
- ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
- स्थानीय स्तरका व्यापारिक फर्म
- स्थानीय तहका पत्र पत्रिका
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
- स्थानीय स्तरका संघ संस्था
- इन्टरनेट, टेली सेन्टर, केवुल तथा तारविहिन टेलिभिजन
- लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)

- नक्सा पास दस्तुर **(दफा ३३ को ४)**
- दण्ड जरिवाना (असविव्यऐ)

**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छ ।

## (ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ७ को अनुसूची ४):

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूलाई प्रदान गरेको राजश्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजश्वको दर तथा सङ्कलनका अन्य आधारहरूको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ ।

**तालिका नं. १३:** प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)

| क्र.सं. | श्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | बन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४*

## (ग) राजश्व बाँडफाँट (असविव्य, ऐनको दफा ६)

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने ।

(इ) मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

(ई) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।

(उ) नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

राजश्व बाँडफाँट अन्तर्गत संघीय सरकारबाट सङ्कलन भएको मूल्य अभिवृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ ।

## १) प्रदेश सरकारबाट गरिने बाँडफाँट (दफा ६ क)

त्यसै गरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करबाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्बन्धित स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहबाट सङ्कलन भएको कर तथा शुल्कको ४० प्रतिशत रकम सम्बन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ ।

**तालिका नं. १४:** स्थानीय र प्रदेश तह वीचको राजश्व बाँफाँड

| क्र.सं. | करका क्षेत्रहरू | सङ्कलन गर्ने तह | राजश्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| १ | सवारी साधन कर | प्रदेश | ६० | ४० |
| २ | घरजग्गा रजिष्ट्रेशन शुल्क | स्थानीय | ४० | ६० |
| ३ | मनोरञ्जन कर | स्थानीय | ४० | ६० |
| ४ | विज्ञापन कर | स्थानीय | ४० | ६० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

## २) मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (दफा ६)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकम मध्ये संघीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाडँफाँड गर्ने व्यवस्था रहेको छ ।

**तालिका नं. १५:** मूल्य अभिवृद्धि कर, अन्तशुल्कको बाँडफाँट

| क्र.सं. | श्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| २ | अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

## (घ) अनुदान (परिच्छेद ४)




संघीय तथा प्रदेश सरकारबाट प्रदान गरिने वित्तीय समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । समपूरक तथा विशेष अनुदानकोलागि स्थानीय तहहरूबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

१) ***वित्तीय समानीकरण अनुदान:*** खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त **(दफा ८)**

२) ***सशर्त अनुदान:*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त ( **दफा ९)**

३) ***समपूरक अनुदान:*** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त **(दफा १०)**

४) ***विशेष अनुदान:*** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट **(दफा ११)**

## (ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण (परिच्छेद ५)

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा गरिएको व्यवस्था |
|---|---|
| - कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा | - कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने |

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा गरिएको व्यवस्था |
|---|---|
| संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने<br>- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने | - गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने<br>- कर वा गैर कर राजश्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजश्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने<br>- राजश्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने |

## ३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना

यस भागमा नगरपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत् रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ ।

**तालिका नं. १६:** आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण

| क्र.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | दर निर्धारण भएको/नभएको | सङ्कलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | | |
| १ | सम्पत्ति कर | भएको | भएको | भएको | |
| २ | भूमिकर (मालपोत) | भएको | भएको | भएको | |
| ३ | घर जग्गा बहाल कर | भएको | भएको | भएको | |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको | |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | भएको | भएको | |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | भएको | नभएको | |
| ७ | विज्ञापन कर | भएको | भएको | नभएको | |
| ८ | मनोरञ्जन कर | भएको | भएको | नभएको | |
| **ख.** | **अन्य राजश्व** | | | | |
| | **शुल्क, सेवा शुल्क तथा महशुल** | | | | |
| १ | बहाल विटौरी शुल्क | भएको | नभएको | नभएको | |
| २ | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको | |
| ३ | पर्यटन शुल्क | भएको | भएको | नभएको | |
| ४ | परिक्षा शुल्क | भएको | भएको | भएको | |

| क्र.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | दर निर्धारण भएको/नभएको | सङ्कलन भएको/नभएको | कैफियत |
|---|---|---|---|---|---|
| ५ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | भएको | भएको | भएको | |
| ६ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | भएको | भएको | नभएको | |
| ७ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | नभएको | |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | भएको | |
| ९ | अस्पताल सञ्चालन | भएको | नभएको | नभएको | |
| १० | एम्बुलेन्स सञ्चालन | भएको | नभएको | नभएको | |
| ११ | दमकल सञ्चालन | भएको | नभएको | नभएको | |
| १२ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको | |
| १३ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको | |
| १४ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको | |
| **ग.** | **दस्तुर** | | | | |
| १ | नक्सापास दस्तुर | भएको | भएको | भएको | |
| २ | सिफारिश/प्रमाणित दस्तुर | भएको | भएको | भएको | |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको | |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको | |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको | |
| **घ.** | **बिक्री तथा अन्य आय** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | भएको | भएको | भएको | |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | भएको | नभएको | |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | भएको | भएको | भएको | |
| ४ | सामुदायिक वनबाट आय प्राप्त | नभएको | नभएको | नभएको | |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | भएको | भएको | |
| ६ | न्यायिक दण्ड जरिवाना | भएको | भएको | भएको | |
| ७ | प्रशासनिक दण्ड जरिवाना | भएको | भएको | भएको | |

माथिको तालिकाका आधारमा विश्लेषण गर्दा नगरपालिकाले कर तर्फ ८ वटा शीर्षकहरूमा कर सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ । जसमध्ये नगरपालिकाले हालसम्म ५ वटा शीर्षकहरूमा कर सङ्कलन गरेको छ । जडिबुटी, कवाडी र जीवजन्तु कर र विज्ञापन कर र मनोरञ्जन करको सम्भावना रहेतापनि सङ्कलन भएको छैन । गैर कर

तर्फ समग्रमा जम्मा १४ वटा शीर्षकहरू मध्ये १३ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना देखिन्छ । हालसम्म नगरपालिकाले ४ वटा शीर्षकहरूमा राजश्व सङ्कलन भएको छ । यस भागमा नगरपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ ।

### ३.२.१ कर राजश्व

#### (क) सम्पत्ति कर

#### विद्यमान अवस्थाः

भीरकोट नगरपालिकाले आर्थिक ऐन, २०७८ को दफा (२) मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरजग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाई असूल उपर गरिने कुरा उल्लेख गरिएको छ । अनुसूची (१) मा सम्पत्ति कर र भूमिकरका दरहरू मालपोत कार्यालय स्याङ्जा र छिमेकी नगरपालिका वालिङले गरेको न्यूनतम मूल्याङ्कनको आधारमा गरिएको छ । अनुसूची १(क) मा संरचनाको मूल्याङ्कन र १(ख) मा संरचनाको ह्रास कट्टी सम्बन्धी व्यवस्था गरिएको छ ।

आ.व.२०७७/७८ मा यस शीर्षकमा रु ८५ हजार ४ सय ७४ सङ्कलन भएको थियो । चालु आ.व.मा यस शीर्षकमा रु १० लाख अनुमान गरिएकोमा फागुन १२ सम्म रु १६ लाख ४४ हजार ८ सय ८५ सङ्कलन भइसकेको छ ।

#### संभाव्यताः

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकाको घरसंख्या ५६४४ र परिवार संख्या ६२२६ रहेको छ । विद्यमान कानूनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने प्रावधान अनुसार सम्पत्ति करदाता ५६४४ अनुमान गरिएको छ । यो सख्याको आधारमा आर्थिक ऐनमा गरिएको जग्गा र घर तथा संरचनाको मुल्य बमोजिम सम्पत्ति करबाट सङ्कलन हुन सक्ने कूल सम्भावना देहाय बमोजिम रहेको छ ।

**तालिका नं. १७:** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| सम्पत्ति मूल्य विवरण | करदाता संख्या (अनुमानित) | औसत करको दर | सम्भाव्य सङ्कलन (रु. ) |
|---|---|---|---|
| रु. ५ लाख सम्म | १८०० | ७० | १२६००० |
| रु. ५ लाख १ देखि १० लाख सम्म | १३०० | १४० | १८२००० |
| रु. १० लाख १ देखि २० लाख सम्म | १००० | २७५ | २७५००० |
| रु. २० लाख १ हजार देखि ५० लाख सम्म | ७६० | ८९० | ६७६४०० |
| रु. ५० लाख १ देखि १ करोड सम्म | ५३० | २५०० | १३२५००० |
| रु. १ करोड १ देखि २ करोड सम्म | २०० | ६५०० | १३०००००० |
| रु. २ करोड १ देखि ५ करोड सम्म | ४० | १०००० | ४००००० |
| रु. ५ करोड भन्दा बढी | १४ | १५००० | २१०००० |
| **जम्मा** | **५६४४** | | **४४९४४००** |

### सुझावहरू

- जग्गालाई मालपोतको न्युनतम दरसँग सामञ्जस्यता हुने गरी मूल्याङ्कन गरी सम्पत्ति करको दरलाई नगरवासीको कर तिर्न सक्ने क्षमताको आधारमा निर्धारण गर्ने
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सम्पत्ति कर सङ्कलन गरी बाँकी जग्गामा मालपोत सङ्कलन गर्ने गरी कार्यविधि तयार पारी लागु गर्नुपर्ने
- करदाताको पहिचान गरी विवरण अद्यावधिक गर्ने

## (ख) मालपोत वा भूमि कर

### विद्यमान अवस्था:

भीरकोट नगरपालिकाले आर्थिक ऐन, २०७८ को दफा (२) को उपदफा (३) मा नगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लगाई बाँकी रहेको जग्गामा अनुसूची (१) बमोजिम भूमिकर (मालपोत) लगाईने कुरा उल्लेख गरिएको छ । जग्गाको मूल्याङ्कन गर्दा अनुसूची १ (क) बमोजिम गरिने व्यहोरा उल्लेख गरिएको छ ।

आ.व. २०७७/७८ मा रु. ८ लाख ५२ हजार ६ सय ६४ मालपोतबाट सङ्कलन भएको थियो । यस शीर्षकमा चालु आ.व. २०७८/७९.मा रु. १२ लाख ५० हजार अनुमान गरिएकोमा फागुन १२ गते सम्ममा रु १७ लाख ५४ हजार ३ सय ८७ सङ्कलन भएको देखिन्छ ।

### संभाव्यता:

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरे अनुसार घर तथा संरचनाले चर्चेको भन्दा बाहेकको जग्गामा भूमि कर (मालपोत) करको संभाव्यता अनुमान गरिएको छ । नगर वस्तुस्थिति विवरण अनुसार यस नगरपालिकामा खेतीयोग्य जमीन ६२२६ परिवारको भएको र सम्पत्ति कर लगाई बाँकी जग्गामा मालपोत लगाउने प्रावधान अनुसार ६२२६ करदाता मालपोत करको दायरामा पनि आउने अनुमान गरिएको छ । खेतीयोग्य जमिन ४७.८३ वर्ग कि.मी. कूल भूमिकर योग्य जग्गालाई सडकले छोएको तथा बजार क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्र खेत, कृषि क्षेत्र बारी गरी ४ क्षेत्रमा वर्गीकरण गरी जग्गाको मूल्य र उपयोगको आधारमा दर निर्धारण गर्दा भूमिकरको सम्भावना देहायअनुसार रहेको देखिन्छ ।

**तालिका नं. १८:** मालपोत कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| जग्गा विवरण | करदाता संख्या (नुमानित) | क्षेत्रफल रोपनी | करको दर (रु. प्रति रोपनी) | सम्भाव्य सङ्कलन रु. हजारमा |
|---|---|---|---|---|
| सडकले छोएको तथा बजार क्षेत्र | १६०० | २२७११ | १५ | ३४०६६१ |
| आवास क्षेत्र | ८२६ | ११७२४ | १० | ११७२४४ |
| कृषि क्षेत्र खेत | १२०० | १७०३३ | १० | १७०३३० |
| कृषि क्षेत्र पाखो | २६०० | ३६९०५ | ८ | २९५२३९ |
| **जम्मा** | ६२२६ | ८८३७३ | | ९२३४७४ |

### सुझावहरू

- मालपोतको दर निर्धारण गर्दा सम्पत्ति करसँग अलग गरी गर्नुपर्ने
- बाटोले छोएको र नछोएको पत्ता लगाउन बाटोको लगत कट्टा गरी भु सूचना प्रणालीमा आवद्ध गर्ने
- मालपोत सङ्कलन कार्यविधि अलग्गै निर्माण गरी लागु गर्नुपर्ने

## (ग) घरजग्गा बहाल कर

### विद्यमान अवस्था:

नगरपालिकाले आर्थिक ऐन २०७८ दफा (३) को उफदफा (१) मा नगरपालिका क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिइएमा बहालकर लाग्ने कुरा उल्लेख गरिएको छ। यसको दररेट उपदफा (२) मा १० प्रतिशत असुल गरिने कुरा उल्लेख गरिएको छ। यस दफामा घरधनीले घर भाडामा लगाउँदा सम्बन्धित घरधनी र बहालमा बस्नेको बीचमा के कति रकममा बहाल लगाएको हो सो स्पष्ट हुने गरी सम्झौता गर्नुपर्ने र सम्झौताको एक प्रति नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

आ.व.२०७७/७८ मा यस शीर्षकवाट रु ४ लाख २ हजार २ सय ६५ सङ्कलन भएको थियो । चालु आ.व.२०७८/७९ मा यस शीर्षकमा रु ५ लाख अनुमान गरिएकोमा फागुन १२ गतेसम्म रु ५ लाख ४९ हजार ६ सय ९८ सङ्कलन भएको छ।

### सम्भावना:

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकाको घरसंख्या ५६४४ र परिवार संख्या ६२२६ रहेको छ। घर नभएका परिवार ५८२ रहेको छ। यो संख्याको १० प्रतिशत परिवार एकाघरका भएका र एउटै घरमा बसेको अनुमान गर्दा बाँकी ५२४ परिवार भाडामा बसेको अनुमान गर्न सकिन्छ। सरोकारवालासँगको छलफलमा एक घरमा औषत २ परिवार भाडामा बसेको अनुमान गर्दा भाडामा दिने परिवार २६२ हुन आउँछ। ती मध्ये २०० परिवारले व्यक्तिगत प्रयोजनको लागि भाडामा दिने र ६२ परिवारले व्यवसायिक प्रयोजनको लागि भाडामा दिइएको अनुमान गरिएको छ। व्यवसायिक प्रयोजनको लागि भाडामा दिंदा बहाल रकमको १० प्रतिशत र व्यक्तिगत प्रयोजनको लागि भाडामा दिंदा ५ प्रतिशत दर कायम गर्दा सङ्कलन हुनसक्ने रकम देहायको तालिकामा दिइएको छ।

*तालिका नं. १९:* घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र. सं. | प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको घरजग्गा संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | अनुमानित | अनुमानित | क x ख x१२ | प्रतिशत | ग को १० प्रतिशत |
| १ | अडिट गर्ने संस्थागत प्रयोजनले व्यवसायीक फर्म, वित्तिय तथा सार्वजनिक संस्थाहरूलाई वहालमा लगाउने (औसत मासिक रु. ८००० भाडा आर्जन गर्ने) | ६२ | ८,००० | ५,९५२,००० | १० | ५९५,२०० |
| २ | घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. २००० भाडा आर्जन गर्ने) | २०० | २००० | ४,८००,००० | ५ | ४८०,००० |
| | **जम्मा** | २६२ | | १०,७५२,००० | | १,०७५,२०० |

### सुझावहरू

- घर जग्गा बहाल असुलीको कार्यविधि निर्माण गर्ने
- बहालमा लगाइएको जग्गा तथा घरको लगत सङ्कलन गर्ने

- घरजग्गा बहाल रकम मूल्याङ्कन गर्न घर तथा संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटको दरले बहाल मूल्य निर्धारण गर्ने र सो बमोजिम बहाल रकम निर्धारण गरी कर सङ्कलन गर्ने

## (घ) व्यवसाय कर

### विद्यमान अवस्था:

नगरपालिका क्षेत्र भित्र कुनै पनि किसिमका व्यवसाय तथा सेवा सञ्चालन गर्दा अनिवार्य रुपमा नगरपालिकामा दर्ता गरी सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ। यसरी दर्ता भएका व्यवसयायको आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य रुपमा अनुसूची (२) बमोजिम नवीकरण शुल्क तिर्नुपर्ने प्रावधान आर्थिक ऐन, २०७८ दफा (४) मा व्यवसाय दर्ता तथा नवीकरण शुल्क र कर भनि उल्लेख गरिएको छ। अनुसूची (२)मा उल्लेख नभएका व्यवसायको हकमा रु ५०० नवीकरण शुल्क लगाइने कुरा उल्लेख गरिएको छ।

आ.व. २०७७/७८ मा व्यवसाय करको शीर्षकवाट आय सङ्कलन भएको देखिदैंन। चालु आ.व.मा यस शीर्षकमा रु ७ लाख ५० हजार अनुमान गरिएकोमा फागुन १२ गतेसम्म रु १० लाख ६० हजार ६ सय ६८  सङ्कलन भएको देखिन्छ।

### सम्भावना:

नगरपालिकाले प्रकाशन गरेको नगरको वस्तुस्थिति विवरण अनुसार यस नगरमा ३०२ वटा विविध किसिमका व्यवसायहरू करको दायरामा आउन सक्ने अनुमान गरिएको छ। व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गरी व्यवसाय करको देहायअनुसार सम्भाव्यता एकिन गरिएको छ :

**तालिका नं. २०:** व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको किसिम | संख्या | औसत दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | बिजुली पसल | ५ | २००० | १०००० |
| २ | किराना पसल | ८० | ७५० | ६०००० |
| ३ | कृषिजन्य उद्योग | १ | ७५० | ७५० |
| ४ | प्रेस | १ | १२५० | १२५० |
| ५ | सहकारी | ११ | ३००० | ३३००० |
| ६ | मिल | १ | ७५० | ७५० |
| ७ | फोटोग्राफर | १ | ७५० | ७५० |
| ८ | हार्डवेयर पसल | ६ | २००० | १२००० |
| ९ | होटल | ३ | २००० | ६००० |
| १० | फेन्सी पसल | २४ | १००० | २४००० |
| ११ | मदिरा पसल | १ | २००० | २००० |
| १२ | वर्कसप | १ | १००० | १००० |
| १३ | मासु पसल | १२ | ७५० | ९००० |
| १४ | गिफ्ट हाउस | १ | ७५० | ७५० |
| १५ | भाँडा पसल | ६ | १२५० | ७५०० |
| १६ | चिया पसल | ६ | ७५० | ४५०० |

| क्र.सं. | व्यवसायको किसिम | संख्या | औषत दर | जम्मा रकम |
|---|---|---|---|---|
| १७ | कपडा पसल | ९ | १००० | ९००० |
| १८ | निर्माण सेवा | १ | २००० | २००० |
| १९ | जीम हाउस | १ | ७५० | ७५० |
| २० | ट्राभल एजेन्सी | १ | १००० | १००० |
| २१ | कृषि नर्सरी | १ | ७५० | ७५० |
| २२ | पेट्रोल पम्प | १ | १५०० | १५०० |
| २३ | ड्राईभिङ्ग ईन्स्टिच्यूट | १ | १००० | १००० |
| २४ | होटल एण्ड लज | २ | २००० | ४००० |
| २५ | स्टेशनरी पसल | ४ | ७५० | ३००० |
| २६ | विद्यालय | १ | २००० | २००० |
| २७ | फर्निचर | २ | २००० | ४००० |
| २८ | औषधी पसल | ३ | १२५० | ३७५० |
| २९ | ब्लक उद्योग | १ | १००० | १००० |
| ३० | हार्डवेयर पसल | ६ | २२५० | १३५०० |
| ३१ | प्लाष्टिक पसल | १ | ३००० | ३००० |
| ३२ | टेलर्स | १६ | ७५० | १२००० |
| ३३ | भेटनरी | २ | १२५० | २५०० |
| ३४ | कस्मेटिक पसल | १७ | ७५० | १२७५० |
| ३५ | कर्मसियल सेन्टर | १ | ७५० | ७५० |
| ३६ | जुत्ता पसल | १ | ७५० | ७५० |
| ३७ | खाद्य भण्डार | १ | ६०० | ६०० |
| ३८ | रेष्टुरेन्ट | २७ | १००० | २७००० |
| ३९ | ब्युटी पार्लर | ३ | ७५० | २२५० |
| ४० | ग्रिल उद्योग | २ | १००० | २००० |
| ४१ | दुध डेरी पसल | १ | ७५० | ७५० |
| ४२ | सैलुन | १ | ७५० | ७५० |
| ४३ | तरकारी पसल | १ | ७५० | ७५० |
| ४४ | स्कयाप पसल | १ | ७५० | ७५० |
| ४५ | सुनचादी पसल | ४ | १५०० | ६००० |
| ४६ | मोवाईल एण्ड वाच | १ | १२५० | १२५० |
| ४७ | ब्लक उद्योग | १ | १००० | १००० |
| ४८ | मोवाईल मर्मत | १ | १२५० | १२५० |

| क्र.सं. | व्यवसायको किसिम | संख्या | औषत दर | जम्मा रकम |
|---|---|---|---|---|
| ४९ | टेन्ट हाउस | १ | १००० | १००० |
| ५० | मर्मत पसल | १ | ७५० | ७५० |
| ५१ | सपिङ्ग सेन्टर | १ | ७५० | ७५० |
| ५२ | पार्टी प्यालेस | १ | २००० | २००० |
| ५३ | फलफुल पसल | ३ | ७५० | २२५० |
| ५४ | मोटर पार्टस | १ | २००० | २००० |
| ५५ | पुजा सामाग्री पसल | १ | ७५० | ७५० |
| ५६ | होम डेकोरेशन | १ | १२५० | १२५० |
| ५७ | पर्यटन विकास | २ | १००० | २००० |
| ५८ | विकास बैंक | २ | ५००० | १०००० |
| ५९ | वर्कसप | ३ | १००० | ३००० |
| ६० | इन्टरप्राइजेज | १ | १००० | १००० |
| ६१ | स्वास्थ्य सेवा संस्था | १ | १००० | १००० |
| ६२ | आल्मुनियम एण्ड स्टिल उद्योग | १ | १५०० | १५०० |
| ६३ | प्राइभेट लिमिटेड | १ | १००० | १००० |
| ६४ | कम्प्युटर मर्मत केन्द पसल | १ | १२५० | १२५० |
| ६५ | डेन्टल पसल | १ | ५०० | ५०० |
| ६६ | पञ्चकन्या पोल्ट्री पशु तथा तरकारी फर्म | १ | १००० | १००० |
| ६७ | विकास बैंक | २ | ५००० | १०००० |
| | **जम्मा** | ३०२ | | ३३९६०० |

### सुझावहरू

- व्यवसायको प्रकृति तथा पूँजीगत लगानीको आधारमा वर्गीकरण गर्ने र दर निर्धारण गर्ने
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नका लागि नगरकार्यपालिकाबाट व्यवसाय सञ्चालन इजाजत लिनुपर्ने व्यवस्था गर्न भीरकोट उद्योग वाणिज्यसँग सहकार्य तथा समन्वय गर्ने
- व्यवसाय कर सङ्कलनको लागि वर्षमा १ पटक व्यवसाय कर सङ्कलन अभियान सञ्चालन गर्ने
- व्यवसायीहरूले कर चुक्ता प्रमाणपत्र लिंदा व्यवसाय नवीकरण गरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्ने नीति निर्माण गरी आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ कार्यालयसँग सहकार्य गर्ने

## (ङ) जडिवुटी, कवाडी, जीवजन्तु कर

### विद्यमान अवस्थाः

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १६ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस(खर), कवाडी, माल, र प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत मारिएका जीवजन्तुहरूको हाड, सिङ, प्वाख, छाला वा यस्ता प्रकृतिको बस्तुको उपयोग गरे बापत अनुसूची (१०)क मा तोकिए बमोजिमको जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाईने कुरा उल्लेख गरिएको छ ।

आ.व.२०७७/७८ मा यस शीर्षकबाट रकम सङ्कलन भएको थिएन । चालु आ.व.मा पनि यस शीर्षकमा आय अनुमान नगरिएको र फागुन १२ गते सम्ममा कुनै रकम सङ्कलन भएको देखिदैन ।

### सम्भावना

यस क्षेत्रमा पाइने कवाडी सामानहरूमा कागज, फलाम, टिन, बोत्तलहरू पर्दछन । यसको व्यवसायिक कारोबार गर्नेलाई करको दायरामा ल्याएर कर सामान बिक्रीको आधारमा कर लगाउँदा वार्षिक रु १ लाख सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

### सुझावहरू

- जडीबुटी, कवाडी तथा जीवजन्तु कारोबार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने
- यसको व्यवसायिक कारोबार गर्नेलाई इजाजत गरी कारोबारको आधारमा कर सङ्कलन गर्ने

## (च) विज्ञापन कर

### विद्यमान अवस्थाः

नगरपालिकाले आर्थिक ऐन २०७८ को दफा (७) को उपदफा (१) मा नगरपालिका क्षेत्र भित्र अनुसूची (५) बमोजिम  विज्ञापन कर लगाइने कुरा उल्लेख गरिएको छ ।

यसबाट आ.व.२०७७/७८ मा कुनै पनि रकम सङ्कलन भएको छैन । चालु आ.व.२०७८/७९ फागुन १२ सम्म पनि यस शीर्षकमा रकम सङ्कलन नभएको स्थिति छ ।

### सम्भावनाः

नगरपालिकामा क्षेत्रमा राखिएका विज्ञापन सामग्रीहरूको विज्ञापन कर लगाई असुल उपर गर्न पाउने अधिकार रहेको छ । सरोकारवालाहरूसँगको छलफलको आधारमा यस नगरमा साना ठूला गरेर ८६ वटा विज्ञापन सामग्री रहेको अनुमान गरिएको छ । सोही अनुमानका आधारमा विश्लेषण गरी विज्ञापन करको देहायअनुसार सम्भाव्यता एकिन गरिएको छ :

**तालिका नं. २१:** विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| विज्ञापन सामाग्री | विज्ञापन सामग्रीको साइज अनुसार संख्या | | | | औषत आकार वर्ग फिट | औषत दर प्रति वर्ग फिट (रु.) | संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| | ठूला | मध्यम | साना | जम्मा | | | |
| होर्डिङ वोर्ड, ग्लोब वोर्ड | ५ | ३ | १५ | २३ | ३०० | १०० | ६९०००० |
| भित्तेलेखन | १० | १० | १० | ३० | १५० | २० | ६०० |
| फ्लेक्स व्यानर | ८ | १० | १५ | ३३ | ९० | १५० | ४९५० |
| **जम्मा** | **२३** | **२३** | **४०** | **८६** | | **२७०** | **६९५५५०** |
| | | | | | | **६०%** | **४१७३३०** |

### सुझावहरू

- विज्ञापन सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा तथ्याकंन सङ्कलन गर्ने
- सङ्कलित विवरण अनुसार विज्ञापनको करको दर निर्धारण गर्ने
- न्युनतम सङ्कलन हुन सक्ने गरी ठेक्का अङ्कगणना गर्ने र ठेक्का दिने

### (छ) सवारी कर (साना सवारी)

#### विद्यमान अवस्थाः

नगरपालिकाले आर्थिक ऐन, २०७८ मा नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) बमोजिम सवारी साधन दर्ता तथा नवीकरण शुल्क लगाई असुल उपर गरिने कुरा उल्लेख गरिएको छ । साना सवारी करको शीर्षकमा चार पाङग्रे हेभी सवारी साधनको पनि नवीकरण शुल्क असुल उपर गरेको आर्थिक ऐनमा दर उल्लेख गरिएबाट देखिन्छ । जुन कानून सम्मत देखिदैंन ।

सवारी साधन कर तर्फ आ.व.२०७७/७८ मा यस शीर्षकवाट रु ९ लाख ८ हजार ९ सय १७ सङ्कलन भएको थियो । चालु आ.व.२०७८/७९ मा यस शीर्षकमा रकम अनुमान नगरिएको र फागुन १२ गते सम्म रु १० लाख ६० हजार ३० सङ्कलन भएको छ ।

#### सम्भावनाः

नगरपालिका क्षेत्रमा सडक यातायातको विकास र विस्तारसँगै करिब ४२ अटोरिक्साहरू सञ्चालनमा रहेको विवरणबाट देखिन्छ । नगरपालिकाले प्रति अटोरिक्सा दर्ता तथा नविकरण वापत रु. ७००० साना सवारी कर निर्धारण गर्दा यसबाट वार्षिक रु.२ लाख ९४ हजार सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ ।

**तालिका नं. २२:** साना सवारी कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| सवारी साधन | अनुमानित संख्या | रजिष्ट्रेशन दस्तुर | जम्मा सम्भाव्य रकम रु |
|---|---|---|---|
| अटो रिक्सा, ई रिक्सा | ४२ | ७००० | २९४००० |

## ३.२.२ गैर कर राजश्व

### (क) ढुङ्गा, गिट्टी, वालुवा तथा माटोजन्य वस्तु बिक्री

#### विद्यमान अवस्था :

नगरपालिका क्षेत्रभित्र रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिट्टी, चिप्स, ईट्टा पार्ने माटो, अन्य साधारण माटो, वालुवा, चुनढुङ्गा जस्ता खानीजन्य पदार्थको उत्खनन् र सङ्कलनमा समेत अनुसूची (३) बमोजिमको असुल उपर गरिने कुरा  आर्थिक ऐन २०७८ दफा (५) को उपदफा (१) मा उल्लेख गरिएको छ । यसका अतिरिक्त यस नगरपालिकाले नदीजन्य पदार्थको प्रशोधन गरी गुणस्तरीय नदीजन्य पदार्थ उत्पादन गरीरहेको छ । यस्तो पदार्थको बिक्री दर आर्थिक अनुसूची ३ (क) बमोजिम शुल्क लगाई असुल उपर गर्ने गरेको छ । यसबाट सङ्कलन भएको रकम उत्पादन लागत कटाई बिक्री नाफा रकमको ४० प्रतिशत गण्डकी प्रदेश सरकारलाई बुझाउँदै आएको छ । यस शीर्षकमा सङ्कलन हुन पर्ने रकम खानी रोयल्टी शीर्षकमा जम्मा गरिएको छ ।

आ.व.२०७७/७८ मा यस शीर्षकबाट रकम सङ्कलन भएको देखिदैन । चालु आ.व.मा यस शीर्षकमा २ करोड ६५ लाख  अनुमान गरिएकोमा र फागुन १२ गते सम्म कुनै पनि रकम सङ्कलन भएको देखिदैन । जुन शीर्षकमा रकम सङ्कलन भएको हो सोही शीर्षकमा प्रविष्ट नगर्दा रकम सङ्कलन नै नभएको देखिएको छ ।

#### सम्भावनाः

पूर्व वातावरणीय परिक्षण प्रतिवेदन अनुसार आँधी खोलाको विभिन्न घाटबाट १५९३१८ घन मिटर नदीजन्य पदार्थ बिक्री गर्न सकिने देखिएको छ । सङ्कलन र बिक्रीको लागि गण्डकी प्रदेश सरकारले तोकेको दरमा बिक्री गर्दा कुल राजश्व रु ३ करोड १३ लाख २६ हजार ८ सय ४५ सङ्कलन हुन सक्ने देखिन्छ । उक्त रकमबाट ४० प्रतिशत प्रदेश सरकारसँग बाँडफाँट गर्दा रु १ करोड ८७ लाख ९६ हजार १ सय ७ नगरपालिकाले प्राप्त गर्ने देखिन्छ ।

**तालिका नं. २३:** वातावरणीय अध्ययन गरिएका उत्खनन स्थलहरू नदीजन्य पदार्थ बिक्री सम्भावना

| क.सं. | नदी तथा स्थानका नाम | वार्षिक उत्खनन् योग्य परिमाण (घ.मि) | वार्षिक उत्खनन् योग्य परिमाण (घ.फि.) | बिक्री रकम प्रति घ.फि.(रु.) | सम्भाव्य बिक्री रकम (रु.) | बाँडफाँटबाट प्राप्त ( ६० प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | स्थान १ | २९६९५ | १०४८५१३ | ७ | ७३३९५९० | ४४०३७५३.७३९ |
| २ | स्थान २ | १७४०१ | ६१४४१५ | ७ | ४३००९०६ | २५८०५४३.७८१ |
| ३ | स्थान ३ | ३४३२९ | १२१२१५७ | ७ | ८४८५०९९ | ५०९१०५९.३५८ |
| ४ | स्थान ४ | २७८५६ | ९८३५७८ | ७ | ६८८५०४४ | ४१३१०२६.३६१ |
| ५ | स्थान ५ | १७४६३ | ६१६६०१ | ७ | ४३१६२०६ | २५८९७२३.६७५ |
|  | स्थान ६ | ३२५७६ | ११५०२५९ | ७ | ८०५१८१० | ४८३१०८५.९५२ |
|  | **जम्मा** | **१५९३१८** | **४४७५२६४** | **७** | **३१३२६८४५** | **१८७९६१०७** |

नोट : १ घन मीटर बराबर ३५.३१ घन फिट

## (ख) बहाल बिटौरी शुल्क

### विद्यमान अवस्था:

नगरपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार, लगायतका क्षेत्रमा प्रति सय वर्ग फिट बराबर रु १०० का दरले प्रति महिना बहाल विटौरी शुल्क लगाई असूल उपर गरिने कुरा आर्थिक ऐन २०७८, दफा (९) मा उल्लेख गरिएको छ।

आ.व.२०७७/७८ मा यस शीर्षकबाट रु ६४ हजार ५ सय सङ्कलन भएको थियो। चालु आ.व.को फागुन १२ सम्म यस शीर्षकमा कुनैपनि रकम सङ्कलन भएको देखिदैन।

### सम्भावना:

सिद्धार्थ राजमार्गको क्षेत्राधिकार ८२ मीटरभित्र पर्ने जग्गामा बनेका घरहरूबाट बहाल विटौरी शुल्क सङ्कलन गर्न सक्नेछ। सडकको चौडाई बढाउँदा भत्काइने जग्गामा बहाल विटौरी शुल्क सङ्कलन गर्न सकिन्छ। यस्ता घरहरू करीब ३०० भएको अनुमान गरिएको छ। ती घरहरूबाट प्रति घर वार्षिक औषत रु २००० सङ्कलन गर्दा रु ६ लाख सङ्कलन हुन सक्ने सम्भावना रहेको छ।

### सुझावहरू

- बहाल विटौरी शुल्कलाई आर्थिक ऐनको दफामा उल्लेख गरी अनुसूचीमा दर उल्लेख गर्ने
- बहाल विटौरी शुल्क लिन सकिने क्षेत्रहरूको पहिचान गरी लगत निकाल्ने

## (ग) नक्सा पास दस्तुर

### विद्यमान अवस्था :

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा वस्ती विकास तथा भवन निर्माण आधारभूत मापदण्ड २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्ड अनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ। यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखिकरण वापत दस्तुर लिन सक्ने कानूनी व्यवस्था रहेको छ। यसको दर रेट आर्थिक ऐनको अनुसूची (९) सेवा तथा सुविधाको शुल्क शीर्षक भित्र राखिएको छ।

आ.व.२०७७/७८ मा रु १ लाख ११ हजार ९ सय २ सङ्कलन भएको थियो । चालु आ.व.२०७८/७९ मा यस शीर्षकबाट अनुमान नगरिएको र सङ्कलन भएको देखिदैन ।

### सम्भावना:

यस नगरपालिका क्षेत्रमा हालका दिनमा आवासीय र व्यापारिक दुवै किसिमका घरहरू निर्माण हुँदै गएका छन । आगामी आ.व.मा नगरपालिका क्षेत्रमा करिब २५ वटा भवन निर्माण मापदण्ड २०७२ अनुसार बन्ने, १०० वटा घरहरू अभिलेखीकरण गरिने, ३० वटा कच्ची घरहरू निर्माण हुने अनुमान गर्दा तपशिल बमोजिमको दस्तुर सङ्कलन हुने सम्भावना रहेको छ :

**तालिका नं. २४:** नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण

| भवनको किसिम र बनोट | आगामी आ.व.को अनुमान | दर प्रति वर्ग फिट | क्षेत्रफल | कूल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका घर | २५ | ४ | १२०० | ७५०००० |
| अभिलेखीकरण | १०० | ८ | २००० | २०००००० |
| कच्ची घर | ३० | | ५०० | ४५०००० |
| **जम्मा** | १५५ | | | १४०००००० |

## (घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

### विद्यमान अवस्था :

स्थानीय सरकारले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर सङ्कलन गर्न सक्ने प्रावधान छ । नगरपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर सङ्कलन गर्नकालागि आर्थिक ऐनको अनुसूची (९) मा दर निर्धारण गरेको छ ।

आ.व.२०७७/७८ मा यस शीर्षकबाट रु २ लाख ८६ हजार ५ सय ५० रकम सङ्कलन भएको थियो । चालु आ.व.२०७८/७९ मा अनुमान गरिएको र रकम सङ्कलन भएको देखिदैन । व्यवसाय करबाट सङ्कलन भएको रकम व्यवसाय रजिष्ट्रेशन दस्तुर शीर्षकमा प्रविष्ट गर्नाले विगतका आ.व.मा व्यवसाय करमा आय सङ्कलन भएको पाइन्छ । चालु आ.व मा व्यवसाय करमा नै रकम सङ्कलन भएको देखिनु र व्यवसाय रजिष्ट्रेशनमा आय नदेखिनुले यो कुरालाई पुष्टी गर्दछ ।

### सम्भावना:

नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, "घ" वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिने कानूनी व्यवस्था रहेको छ । यस अध्ययनको क्रममा गरिएको छलफलमा हाल ९४ वटा तपशिलका बमोजिमका व्यवसायिक फर्महरू रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिष्ट्रेशन दस्तुर सङ्कलनको सम्भावना देहाय अनुसार रहेको देखिन्छ ।

**तालिका नं. २५:** व्यवसाय रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको प्रकार | संख्या | औषत दर | कूल संभावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | १५ | ६००० | ९०००० |
| २ | फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक संस्था | २० | २००० | ४०००० |
| ३ | स्थानीय व्यवसायिक फर्म | ३० | २५०० | ७५००० |
| ४ | सहकारी | २९ | १५०० | ४३५०० |
| | **जम्मा** | ९४ | | २४८५०० |

### सुझावहरू

- यसमा एफएम, रेडियो, विद्यालय स्थापना, व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन, कोचिङ, औषधी पसल, प्लटिङ, ढुङ्गा, गिट्टी सर्वेक्षण, उत्खनन्, उपयोग गरे वापतको अनुमति दिन र दस्तुर सङ्कलन गर्न सक्ने ।
- आर्थिक ऐनमै  दर्ता अनुमति दस्तुर दर निर्धारण गरी सङ्कलन गर्ने
- अनुमति नलिई सञ्चालन गरेमा दण्ड जरिवानाको व्यवस्था गर्ने

## (ङ) सेवा शुल्क

सम्पत्ति तथा आयश्रोत मूल्याङ्कन सेवा शुल्क (अन्य प्रशासनिक सेवा शुल्क)

### विद्यमान अवस्था

यस नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १२ मा सेवा शुल्क, दस्तुर भनी सम्पत्ति र आयस्रोत मूल्याङ्कन गरी दिए वापत मूल्याङ्कनमा अनुसूची (९) बमोजिम सेवा शुल्क लिने कुरा उल्लेख गरिएको छ । धितो मूल्याङ्कन सेवा अन्तर्गत आय सङ्कलन गर्दै आएको पाइन्छ ।

यस शीर्षकबाट सङ्कलन भएको रकम यसै शीर्षकमा नराखिएकोले हालसम्म यस शीर्षकमा शुल्क सङ्कलन भएको देखिदैन ।

### सम्भावना

नगरपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मूल्याङ्कन र आयश्रोत मूल्याङ्कन सम्बन्धी सेवा वार्षिक १०० घरपरिवारले उपयोग गर्ने र सो वापत रु. ५००० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु.५ लाख सेवा शुल्क सङ्कलन हुने अनुमान गरिएको छ ।

## (च) सिफारिश तथा प्रमाणित दस्तुर

### विद्यमान अवस्था

यस नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा (१२) मा सेवा शुल्क दस्तुर उल्लख गरेको छ । यसको दर रेट भने अनुसूची (१३) मा उल्लेख गरिएको छ ।

आ.व.२०७७/०७८ मा यो शीर्षकवाट रु १८ लाख १६ हजार ९ सय २० सङ्कलन भएको देखिन्छ । यस आ.व २०७८/७९. मा रु १० लाख अनुमान गरिएकोमा फागुन १२ गतेसम्म रु २४ लाख २ हजार ९ सय ३२ सङ्कलन भएको देखिन्छ ।

### सम्भावना

नगरकार्यपालिका कार्यालय र वडा कार्यलयहरूबाट वार्षिक रुपमा हुने सिफारिस घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, र अन्य दस्तुर गरी जम्मा १२४५० वटा सिफारिस हुने अनुमान गरिएको छ । शीर्षकगत रुपमा भन्दा सिफारिस वापत ४३ लाख ५६ हजार, व्यक्तिगत घटना दस्तुरबाट ८० हजार, नाता प्रमाणित दस्तुर रु ३ लाख र अन्य दस्तुरबाट रु ३ लाख ७५ हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ । सिफारिश तथा प्रमाणित दस्तुर मध्ये सिफारिश दस्तुर, व्यक्तिगत घटना विलम्ब दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुर गरी जम्मा रु ४८ लाख ११ हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका नं. २६:** सिफारिश तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | सिफारिश प्रमाणीकरणको विवरण | संख्या आगामी आ.व.को अनुमान | औषत दर (रु.) | कूल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | सिफारिश दस्तुर | ८७१२ | ५०० | ४३५६००० |
| २ | घटना दर्ता दस्तुर | ४०० | २०० | ८०००० |
| ३ | नाता प्रमाणित दस्तुर | ३०० | १००० | ३००००० |
| ४ | अन्य दस्तुर | १५० | ५०० | ७५००० |
| | **जम्मा** | १२४५० | | ४८११००० |

## (छ) फोहरमैला व्यवस्थापन शुल्क

### विद्यमान अवस्था

स्थानीय सरकारले नगरपालिका क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गरेबापत शुल्क लिन पाउने प्रावधान रहेता पनि यस नगरपालिकाको आर्थिक ऐन २०७८ मा यस शीर्षक सम्बन्धी उल्लेख गरिएको छैन र चालु आ.व.को फागुन १२ सम्म रु. ६ लाख २२ हजार ६ सय ३९ रकम पनि सङ्कलन भएको छ ।

### सम्भावना

उपलब्ध तथ्याङ्क तथा अध्ययनको चालु आ.व.को फागुन १२ सम्म रु. ६ लाख २२ हजार ६ सय ३९ सङ्कलन भएको र फोहरमैला व्यवस्थापनकालागि दायरा फराकिलो बनाउँदा व्यवस्थापन शुल्क रु १० लाख सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

## (ज) स्थानीय पूर्वाधार सेवामा लाग्ने कर

नगरपालिकाले आफ्नै लगानीमा निर्माण गरेका ग्रामीण सडकमा ठेक्का मार्फत पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर सङ्कलन गर्दै आएको छ । हाल नगरपालिकाले ३ वटा सडकमा ठेक्का मार्फत आय सङ्कलन गर्दै आएको छ ।

**तालिका नं. २७:** पूर्वाधार सेवा उपयोगमा लाग्ने कर सम्बन्धी विवरण

| क्र.सं | पूर्वाधारको नाम | रकम |
|---|---|---|
| १ | बयरघारी जगतपुर केघा ग्रामीण सडक, दार्सिङ्ग–केघा ग्रामीण सडक, बयरघारी–बनेथोक विरुवा ग्रामिण सडक, छाङ्गछाङ्गदी–दभुङ्ग ग्रामिण सडक | ४५४२६० |
| २ | बयरघारी–बगरेबजार, ढापुक, पर्वत–बगरेबजार, स्वरेक टापु, पुलको मुख, चुनडाँडा, तिसेदी सम्मको ग्रामिण सडक | ४५४२६० |
| ३ | बयरघारी–ढापुक पर्वत ग्रामीण सडक, बयरघारी बगरेबजार मोहनडाडा ग्रामीण सडक, बयरघारी बगरेबजार–स्वरेक ग्रामिण सडक, बयरघारी पुलको मुख तिसेदी चुनडाडाँ ग्रामिण सडक | ४५४२६० |
| | जम्मा | १३६२७८० |

# परिच्छेद – चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजश्व परिचालन संस्थागत तथा नीति विश्लेषण

भीरकोट नगरपालिकाले राजश्व परिचालनको अवस्थामा सुधार ल्याउनकोलागि लिन सक्ने नीतिगत व्यवस्था यस प्रकार रहेको छ :

क. निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना र छिटो तिर्नेलाई प्रोत्साहन स्वरुप छुटको व्यवस्था गरिनेछ ।

ख. विज्ञापन कर सम्बन्धी सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अङ्कायम गरिनेछ ।

ग. जडिबुटी, कवाडी र जिवजन्तु कर सम्बन्धी सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अङ्कायम गरि ठेक्कामा दिइनेछ ।

घ. साना सवारी साधनको लगत सङ्कलन गरी करको दायरामा ल्याइनेछ ।

ङ. विभिन्न कर दस्तुरहरूको बारेमा स्थानीय सञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्ने गरिनेछ ।

च. स्थानीय सञ्चार माध्यमको अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसुचित गरिनेछ ।

छ. नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टाँसिनेछ ।

ज. नगरपालिकाको आम्दानी र खर्च (विशेष गरी आन्तरिक राजश्व तथा तिनको उपयोग) नियमित रुपमा सार्वजनिक गरिनेछ ।

झ. कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाउने छ ।

ञ. राजश्व शाखामा कार्यरत कर्मचारीहरू र वडा सचिवहरूलाई राजश्व संकेत अनुसार राजश्व सङ्कलन गर्न आवश्यक तालिम उपलव्ध गराइनेछ ।

ट. फोहरमैला व्यवस्थापन गरी आर्थिक ऐनमा सेवा शुल्क निर्धारण गरी अशुल उपर गरिनेछ ।

## ४.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

सङ्कलित सूचनाको अध्ययन तथा विश्लेषण र छलफल कार्यक्रमबाट प्राप्त सुझावको आधारमा पहिचान भएका यस नगरपालिकाको राजश्व सुधारको लागि गर्नुपर्ने प्रमुख कार्यहरू देहायअनुसार प्रस्तुत गरिएको छ :

- सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गरी व्यवसायीहरूलाई नगरपालिका कार्यालयमा दर्ता गराउने
- व्यवसायीहरूलाई उनीहरूले तिर्नुपर्ने राजश्वको जानकारी मोबाइलमा पठाउने
- अनुगमन समिति गठन गरी राजश्व तिरे नतिरेको एकिन गरी नतिरेका भए फोनबाट जानकारी गराउने
- कर समयमै तिर्नेलाई पुरस्कार र नतिर्नेलाई जरिवानाको व्यवस्था गर्ने
- करदाताहरूलाई राजश्व सम्बन्धी जानकारी गराई कर तिर्नु हाम्रो दायित्व हो भन्ने बोध गराउनु
- करदाताको दायरा पहिचान गरी तथ्याङ्क सङ्कलन गर्ने करको दायरा अभिवृद्धि गर्ने
- वडा कार्यालयले करदाताको अभिलेख चुस्त दुरुस्त राख्ने र करको दायरामा ल्याउन नीति नियम बनाउने
- वडा कार्यालयको क्षमता अभिवृद्धि गरी बैंक मार्फत कर सङ्कलनको व्यवस्था मिलाउने

## ४.३ आय सङ्कलनको संस्थागत क्षमता

### ४.३.१ राजश्व प्रशासन तथा परिचालनको अवस्था

#### क) राजश्व उपशाखामा कार्यरत कर्मचारीहरूको विवरण

राजश्व शाखामा एक जना कम्प्युटर अपरेटर, दुई जना सहायकस्तर पाँचौ गरी तीन जना कर्मचारीबाट कार्यसम्पादन भइरहेको छ । राजश्व शाखामा कार्यरत कर्मचारी सम्बन्धी विवरण पद र तह उल्लेख गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २८:** नगरपालिकाको राजश्व शाखामा कार्यरत कर्मचारी सम्बन्धी विवरण

| क.सं. | नाम | पद | संख्या |
|---|---|---|---|
| १ | श्री सन्तोष ढकाल | राजश्व प्रमुख | १ |
| २ | श्री विष्णु गैरे | कम्प्युटर अपरेटर | १ |
| ३ | श्री विष्णु शर्मा | सहायक स्तर चौथो | १ |
|  | जम्मा |  | ३ |

*स्रोत: भीरकोट  नगर कार्यपालिका राजश्व शाखा, २०७८*

#### ख) कार्यकक्ष तथा कार्यस्थलको प्रर्याप्तता

राजश्व शाखाको लागि २ वटा कोठाको व्यवस्था गरिएको छ । ९ वटा वडाहरूको कार्यालयमा राजश्व सङ्कलनकालागि सफ्टवेयर जडान गरी राजश्व सङ्कलन गर्ने गरिएको छ ।

#### ग) फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू

यस शाखामा २ वटा कम्प्युटर, ३ वटा प्रिन्टर (१ वटा स्क्यानर सहितको), २ वटा टेबल र  २ वटा दराजको व्यवस्था गरिएको छ ।

#### घ) राजश्व परिचालन सम्बन्धी प्रक्रियागत र प्रशासनिक व्यवस्था

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजश्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छ :

- राजश्व शाखाका लागि बेग्लै कार्यकक्षको व्यवस्था गरी कम्प्युटर, प्रिन्टर, सफ्टवेयर तथा फर्निचरको व्यवस्था गरिएको छ ।
- नगरपालिकाले राजश्व सङ्कलनको लागि सांग्रिला कम्पनीको सफ्टवेयरबाट राजश्व सङ्कलन गर्दै आएको छ । आर्थिक ऐनमा भएका कर तथा गैर करका दरलाई राजश्वका संकेत अनुसार उक्त सफ्टवेयरमा सेट गरी राजश्व सङ्कलन गर्दै आएको छ । २०७८ आश्विन महिनादेखि अनलाइन प्रविधिबाट राजश्व सङ्कलन गर्दै आइएको छ ।



- नगरपालिकाको राजश्व शाखा तथा ९ वटै वडा कार्यालयहरूमा उक्त सफ्टवेयर जडान गरी कम्प्युटरको प्रयोग गरी बिल काटिँदै आएको छ ।
- राजश्व सफ्टवेयर सञ्चालन सम्बन्धी वडा कार्यालयका सम्बन्धित कर्मचारीहरू तथा राजश्व शाखाका कर्मचारीहरूलाई राजश्व सम्बन्धी ज्ञानको कमी रहेको देखिन्छ ।
- सफ्टवेयरमा राजश्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजश्व कोड तथा शीर्षक अनुसार पुरा नभएकाले सङ्कलन गरिएको राजश्वका शीर्षकहरू नमिल्दा अन्य करमा रकम काटिने गरेको छ ।

नगरकार्यपालिका कार्यालयबाट देहायका शीर्षकमा राजश्व सङ्कलन हुने गरेको छ :

- ठेक्का बन्दोवस्त भई सङ्कलन हुने आय
- नक्सापास दस्तुर
- बोलपत्र बिक्री
- घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर
- स्कुलको सिफारिश तथा अनुमति दस्तुर
- वडा कार्यालयबाट सङ्कलन गर्न नमिल्ने विविध सिफारीश दस्तुरहरू
- दण्ड तथा जरिवाना आदि ।

माथि उल्लेखित बाहेकका निम्नलिखित राजश्व वडा कार्यालयले नै सङ्कलन गर्ने गरेको छ :

- मालपोत
- सम्पत्ति कर
- घटना दर्ता विलम्ब दस्तुर
- चार किल्ला प्रमाणित
- घरबाटो सिफारिस
- जग्गा नामसारी सिफारिस
- जाति सिफारिस
- आय स्रोत प्रमाणित
- कर चुक्ता सिफारिस
- नाता प्रमाणित दस्तुर
- विद्युत जडान तथा नाम सारी सिफारिस
- बहाल कर
- नक्सापास सिफारिस
- कृषि फर्म सिफारिस
- व्यवसाय कर
- घरजग्गा बहाल कर
- जरिवाना आदि ।

- वडा कार्यालयहरूबाट सङ्कलित राजश्व अनलाइन प्रविधिबाट बिल काट्ने र उठेको रकम राजश्व शाखामा दाखिला गरी पुन रसिद काट्ने कि बैंकमा जम्मा गरी भौचर बुझाउने भन्ने विषयमा राजश्वका कर्मचारीहरू अलमलमा परेको पाइयो ।
- आर्थिक ऐनमा कर, शुल्क र दस्तुर राजश्व अधिकारका सबै शीर्षकहरूमा दर निर्धारण नभएको तथा उपयुक्त शीर्षकमा आम्दानी प्रविष्ट नगरिएको अवस्था छ ।
- राजश्वको अनुमान र यथार्थ सङ्कलन बीचको तालमेल कमी रहेको छ ।
- घरले चर्चेको नम्बरी जग्गामा सम्पत्ति कर र त्यसभन्दा बाहेकको जग्गामा मालपोत कर र ऐलानी जग्गा तथा त्यस जग्गामा बनेको घरमा बहाल बिटौरी शुल्क लिनुपर्ने
- सिद्धार्थ राजमार्गको दाँया बाँया ८२ मीटर सम्म सडकको क्षेत्राधिकार भित्र पर्ने घरहरूबाट घरहरू नभत्किंदा सम्म बहाल विटौरी शुल्क सङ्कलन गर्नुपर्ने
- सम्पत्ति कर व्यवस्थापन कार्यविधि बनाई लागु गर्नुपर्ने

- नगरपालिकाले राजश्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ देहाय अनुसारका प्रयासहरू भएका छन
  - *राजश्व शाखा र ९ वटै वडामा राजश्व सङ्कलन सफ्टवेयरको प्रयोग गरिएको*
  - *राजश्व शाखाको लागि अलग्गै कोठाको व्यवस्था गरी कम्प्युटरबाट बिल काट्ने प्रणालीको विकास भएको*

### ङ) राजश्व सम्बन्धी डाटावेस, राजश्व प्रशासनमा सफ्टवेयर र सोको प्रयोग

राजश्व सङ्कलनको लागि सांग्रीला कम्पनीले निर्माण गरेको सफ्टवेयर प्रयोग गरिएको छ । यस सफ्टवेयरमा आर्थिक ऐनमा व्यवस्था गरिएका करका दरहरू प्रविष्ट गरिएका छन । सबै सेवाग्राहीको विवरण यस सफ्टवेयरमा प्रविष्ट गरिएको छ। कुनै सेवाग्राहीको नामबाट खोजी गरेपछि नीजले तिर्नुपर्ने राजश्व रकम देखा पर्दछ र कम्प्युटर विलिङ्ग सिष्टमबाट विल उपलब्ध गराइन्छ।

### च) कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग

आर्थिक ऐनमा उल्लेख गरिएका विभिन्न विषयका कर तथा गैर करका दरहरू सफ्टवेयरमा सेट गरिएको छ। कुन शीर्षकको राजश्व हो सोही अनुसार कम्प्युटरमा प्रविष्ट गर्नासाथ नीजले तिर्नुपर्ने शुल्क देखिन्छ। सबै वडामा यस किसिमको सफ्टवेयरको व्यवस्था गरिएको छ। वडाबाट सङ्कलन नगरिने घर नक्सा पास तथा घ वर्गको इजाजत पत्रको लागि नगरपालिकाको राजश्व शाखाबाट सङ्कलन हुने गर्दछ।

### छ) नगद सङ्कलन र वैक दाखिला र अभिलेख व्यवस्थापन

राजश्व सङ्कलनको लागि ९ वटै वडा तथा नगरकार्यपालिकाको कार्यालयबाट सङ्कलन गर्न सकिने व्यवस्था गरिएको छ।

## ४.४ नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकाको विगत तीन आर्थिक वर्षको यथार्थ आय, चालु आ.व. २०७८/७९ को अनुमान र चालु आ.व.को फागुन १२ सम्मको सङ्कलित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ। गत ३ आ.व.को यथार्थ आयको आधारमा वृद्धि दर पत्ता लगाइएको छ । विगतको तथ्याङ्कको आधारमा वृद्धिदर गणना गर्दा एक्सलमा LOGEST फर्मुलाको प्रयोग गरिएको छ।

**तालिका नं. २९:** विगतको ३ आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था

| क.सं | विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | वृद्धि दर | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | फागुन १२ सम्मको |
| **क)** | **कर तथा गैर कर राजश्व** | १०,५५७ | १८,७५२ | ७,१७६ | -१८ | ६२,८६३ | ३६,५२७ |
| **१** | **कर** | २,४२६ | ७,३९९ | ३,७३० | २४ | ३२,८६३ | १९,४९७ |
| ११३१३ | सम्पत्ति कर | १३६ | ८७ | ८५ | -२१ | १,००० | १,६४५ |
| ११३१४ | भूमिकर (मालपोत) | १ | २२३ | ८५३ | २,८२१ | १,२५० | १,७५४ |
| ११३२१ | घर बहाल कर | २५१ | २९७ | ४०२ | २७ | ५०० | ५५० |
| ११४५१ | सवारी साधन कर | १,५७६ | १०५ | ९०८ | -२४ | | १,०६० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४५४ | ४५४ | १,३६३ | ७३ | १,३६३ | |

| क्र.सं | विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | वृद्धि दर | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | फागुन १२ सम्मको |
| ११४७० | विज्ञापन कर | ८ | २ | | ० | | |
| ११६३२ | जडिबुटी तथा कवाडी कर | | | | ० | | |
| ११३२२ | बहाल विटौरी शुल्क | | ३ | ६५ | ० | | |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | | | ० | | |
| ११६९१ | अन्य कर | | ६,२२८ | ५४ | ० | २८,००० | १३,४२७ |
| १४६११ | व्यवसाय कर | | | | ० | ७५० | १,०६१ |
| २ | **गैर कर** | **८,१३१** | **११,३५३** | **३,४४६** | **-३५** | **३०,०००** | **१७,०३०** |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २८९ | १९७ | २८७ | ० | | २८१ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ४ | १८ | | ० | | |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम | | | | ० | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ४२ | ९२ | १२८ | ७५ | | १५० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २६९ | ७६१ | ६ | -८५ | | |
| | *ढुङ्गा, गिट्टी, वालुवा बिक्री* | | ३,२५८ | | ० | २६,५०० | १३,०५० |
| | *फोहरमैला व्यवस्थापन सेवा शुल्क* | | ५ | ९१९ | ० | | ६२३ |
| १४२२१ | न्यायिक दस्तुर | | | | ० | | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | ३७ | १९ | ० | | ४ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क ( सम्पत्ति मूल्याङ्कन सेवा शुल्क आदि) | | | १ | ० | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | ५ | | ० | | |
| १४२४२ | नक्सापास दस्तुर | ६७२ | ४६० | ११२ | -५९ | | ३०७ |
| १४२४३ | सिफारिश दस्तुर | १,६०० | १,५०५ | १,८१७ | ७ | १,००० | २,४०३ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १५२ | ११२ | १९६ | १४ | | २६८ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १३ | १३ | ७८ | १४५ | | १५६ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ५,०२९ | १,२०७ | १७ | -९४ | | २८ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | ० | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५० | ८ | ३३ | -१९ | | ४१ |
| १४५२९ | अन्य राजश्व | ३०० | ३,६७५ | १२० | -३७ | २,५०० | |
| **ख.** | **राजश्व बाँडफाँट** | ७०,०५० | ४८,०९४ | ६५,४०६ | -३ | ८४,१९३ | ३४,६५० |
| ***ख.1*** | ***नेपाल सरकार*** | ६७,४२१ | ४८,०८९ | ६१,९७८ | -४ | ७१,४८२ | ३४,२४४ |

| क्र.सं | विवरण | २०७५/७६ यथार्थ | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | वृद्धि दर | २०७८/७९ अनुमान | २०७८/७९ फागुन १२ सम्मको |
|---|---|---|---|---|---|---|---|
| १४४११ | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | ६७,४२१ | ४८,०८९ | ६१,९७८ | -४ | ३५,७४१ | २६,२०२ |
| १४४२१ | बाँडफाँट भई प्राप्त हुने अन्त:शुल्क | | | | ० | ३५,७४१ | ८,०४२ |
| १४१५३ | बाँडफाँट भई प्राप्त अन्य रोयल्टी | | | | ० | | |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | | | | ० | | |
| ***ख.२*** | ***प्रदेश सरकार*** | २,६२९ | ५ | ३,४२८ | १४ | १२,७११ | ४०६ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ५ | | ० | १,५०० | |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,६२९ | | ३,४२८ | ० | ११२११ | ४०६ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | | | ० | | |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | | | | ० | | |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | ३०४,०७३ | ३५८,८१५ | ४०९,३६१ | १६ | ४१७,२९५ | २४४,९४३ |
| ***ग.1*** | ***नेपाल सरकार*** | २९२,९५१ | ३१३,१३२ | ३८८,७१९ | १५ | ३८८,४४० | २३३,७६५ |
| १३३११ | समानीकरण अनुदान | ८९,६०० | १०१,४०० | १०६,१५० | ९ | १०८,००० | ५४,००० |
| १३३१२ | सशर्त अनुदान चालु | १६८,०२८ | १९०,४३२ | २४८,३४९ | २२ | २३७,५४० | १५२,५४० |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | | | ० | २३,८०० | १५,५२५ |
| १३३१४ | विशेष अनुदान चालु | | १५,००० | २४,५०० | ० | १२,५०० | ६,२५० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | ० | | |
| १३३१६ | समपुरक अनुदान चालु | १६,७१२ | ६,३०० | ९,७२० | -२४ | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | ० | ६,६०० | ५,४५० |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | | | | ० | | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | १८,६११ | | | ० | | |
| ***ग.२*** | ***प्रदेश सरकार*** | ११,१२२ | ४५,६८३ | २०,६४२ | ३६ | २८,८५५ | ११,१७८ |
| १३३११ | समानीकरण अनुदान | ११,१२२ | १२,३५८ | १२,०५० | ४ | १२,३५५ | ६,१७८ |
| १३३१२ | सशर्त अनुदान चालु | | | | ० | | |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | | | | ० | २,००० | १,००० |
| १३३१४ | विशेष अनुदान चालु | | | | ० | | |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | ० | | |
| १३३१६ | समपुरक अनुदान चालु | | ३३,३२५ | ८,५९२ | ० | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | ० | ८,००० | ४,००० |
| १३३१८ | अन्य अनुदान चालु | | | | ० | | |

| क्र.सं | विवरण | २०७५/७६ यथार्थ | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | वृद्धि दर | २०७८/७९ अनुमान | २०७८/७९ फागुन १२ सम्मको |
|---|---|---|---|---|---|---|---|
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | ० | ६,५०० | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | ० | ० | ० | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | | ० | | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | | | ० | | |
| | **कूल जम्मा** | ३८४,६८० | ४२५,६६१ | ४८१,९४३ | १२ | ५६४,३५१ | ३१६,१२० |

### ४.४.१ आन्तरिक राजश्व संरचनाको अवस्था

नगरपालिकाको विगत ३ आ.व.को यथार्थ आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कूल आन्तरिक आयमा रहेको योगदान तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ३०:** कूल राजश्वमा शीर्षकगत योगदान (रु. हजारमा)

| आय शीर्षक | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को यथार्थ आय | २०७७/७८ को यथार्थ आय | वृद्धि दर | आ.व.२०७८/७९ को अनुमान | आ.व.२०७८/७९ को फागुन १२ सम्मको आय |
|---|---|---|---|---|---|---|
| आन्तरिक आय | १०,५५७ | १८,७५२ | ७,१७६ | -१८ | ६२,८६३ | ३६,५२७ |
| राजश्व बाँडफाँटबाट प्राप्त आय | ७०,०५० | ४८,०९४ | ६५,४०६ | -३ | ८४,१९३ | ३४,६५० |
| वित्तीय हस्तान्तरण तथा अन्य अनुदान | ३०४,०७३ | ३५८,८१५ | ४०९,३६१ | १६ | ४१७,२९५ | २४४,९४३ |
| कूल आय | ३८४,६८० | ४२५,६६१ | ४८१,९४३ | १२ | ५६४,३५१ | ३१६,१२० |

## ४.५ राजश्व परिचालनमा रहेका सवालहरू

भीरकोट नगरपालिकाका राजश्वसँग सम्बन्धित मूल सवालहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

(१) **तथ्याङ्क प्रणाली व्यवस्थित गर्न नसक्नु :** यस नगरपालिकामा नविन प्रविधिको प्रयोग नगरी तयार पारिएको नगर वस्तुस्थिति विवरण भएकाले यसमा राजश्वसँग सम्बन्धित तथ्याङ्कहरू उपलब्ध छैनन। नगर वस्तुस्थिति विवरणमा राजश्वसँग सम्बन्धित तथ्याङ्कहरू पनि समावेश गर्नुपर्ने देखिन्छ।

(२) **करको शीर्षकहरू आर्थिक ऐन उल्लेख गर्ने** : नगरपालिकामा भएको आर्थिक ऐनमा दफा र अनुसूचीको अलग अलग व्यवस्था गरि राजश्वका सबै शीर्षकहरू समावेश गर्नुपर्ने देखिन्छ।

(३) **कर सङ्कलन प्रविधिको प्रयोग :** कर सङ्कलनको लागि सफ्टवेयर प्रणाली स्थापना गरिएको छ। अबका दिनमा ई सेवा खल्ती जस्ता आधुनिक प्रविधिहरू प्रयोग गरेर भुक्तानीका विधिहरू अपनाउनु पर्ने देखिन्छ।

(४) **कर्मचारीको दक्षता अभिवृद्धि:** : राजश्व सङ्कलनकोलागि नवीनतम प्रविधिको प्रयोग सँगै उक्त प्रविधिको प्रयोग गर्नकालागि आवश्यक क्षमता वृद्धि गर्नुपर्ने देखिन्छ।

(५) **राजश्वका नयाँ क्षेत्रको पहिचानः** राजश्व अभिवृद्धि गर्ने नयाँ क्षेत्रहरू जस्तै, पर्यटन, कवाडी सङ्कलन, पार्किङ्ग आदि हुन सक्छन् ।

(६) **बहाल विटौरी शुल्क :** यस नगरपालिकालाई सिद्धार्थ राजमार्गले छोएर गएको छ । यसको क्षेत्राधिकार भित्र घरहरू बनाई बसोबास, व्यवसाय सञ्चालन गर्ने कार्य भइरहेको छ । त्यस्ता घरहरूबाट सम्पत्ति कर, मालपोत तथा व्यवसाय कर सङ्कलन हुन सकेको छैन । ती घरहरूबाट बहाल विटौरी शुल्क सङ्कलन गर्न सकिनेछ ।

# परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई कार्यपालिकाबाट स्वीकृत एवं बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५.१ राजश्व सुधारका क्षेत्रहरू

राजश्व सुधारका लागि अपनाउनु पर्ने क्रियाकलापहरू तपशिलमा उल्लेख गरिएको छ ।

**दायरा** : राजश्व सुधारको लागि संविधान तथा कानूनले व्यवस्था गरेको नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने हुनु पर्दछ । क्षेत्राधिकार भित्र पर्ने राजश्वको सङ्कलन तथा परिचालन गर्ने सम्भावना के कस्तो छ सो को पहिचान गर्नुपर्दछ । करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग)को पहिचान गर्नुपर्दछ । करदाता, उपभोगकर्ता,र सेवाग्राहीको पहिचान पश्चात तीनीहरूको एकिन तथ्याङ्क पत्ता लगाई त्यसको दायरा एकिन गर्नुपर्दछ ।

**दरः** करदाताको पहिचान पश्चात नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने करदातालाई करदाताको सामर्थ्यका आधारमा न्यायोचित ढंगबाट करको दर निर्धारण गर्नुपर्दछ । करको दर निर्धारण गर्दा समान दर, प्रगतिशिल वा अनुदारवादी के कस्तो छ सो को समिक्षा गरी प्रगतिशिल कर लगाउनुपर्दछ । करको दर निर्धारण गर्दा तपशिलमा उल्लेखित विषयमा ध्यान दिनुपर्दछ ।

- विगत वर्षहरूको करको दर
- छिमेकी स्थानीय सरकारको करको दर
- करदाताको कर तिर्ने क्षमता
- करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवा)
- सेवा तथा दस्तुरको लागत
- राजश्व सङ्कलनको अवस्था
- सम्पत्तिको मुल्य तथा उपयोग
- पूँजीगत लगानी र आर्थिक कारोबार

**व्यवस्थापन :** करदाताको पहिचान, संख्या निर्धारण तथा दायरा निश्चित गरी करका दरहरू न्यायोचित ढंगबाट निर्धारण पश्चात राजश्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, संगठन संरचनामा सुधार भौतिक सुविधा, मानव संशाधन, प्रविधि र सफ्टवयर, सूचना तथा अभिलेख राख्नुपर्दछ । राजश्वको सुधारको लागि हरेक तथ्याङ्कको अभिलेख राखि राजश्व चुहावट हुन नदिन अनुगमन गर्नुपर्दछ ।

## ५.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

